# प्रभाव दैनिक
National Daily

वर्ष ११ अंक ३३९ काठमाडौं शुक्रबार, २२ चैत २०८१ Prabhab National Daily Friday, April 04, 2025 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५/-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००, ९८४१५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


# ...अनि बालेनले हारे गुरागाईंले जिते

- बालेनले हटाएका प्रमुख प्रशासकीय अधिकृत गुरागाईं कार्यालय प्रवेश
- बहुसंख्यक वडाध्यक्ष, कार्यपालिका सदस्य र कर्मचारीको घेराबीच गुरागाईं बालेनको निर्देशनमा लगाइएको ताला फुटाउँदै कार्यकक्ष गएर हाजिर गरे
- बालेनप्रति उपप्रमुख सुनिता आक्रोशित




■ **जेबी योञ्जन**

**काठमाडौं–** काठमाडौं टावरमा अनियमित नक्सा स्वीकृतिको आरोपमा काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र (बालेन) शाहले हटाएका प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईं बिहीबार फिल्मी शैलीमा कार्यालय प्रवेश गरेका छन् । मेयर बालेन उनलाई रोक्न चाहन्थे ।

त्यसका लागि ठूलो सङ्ख्यामा नगर प्रहरी तैनाथ गराएका थिए । राजु पाँडेले तैनाथ प्रहरीको कमान्ड गरेका थिए । उनकै नेतृत्वमा नगर प्रहरीले प्रमुख प्रशासकीय अधिकृत गुरागाईंको कार्यकक्षमा ताला लगाइदिएका थिए ।

जबकि, स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद-२ को महानगर प्रहरी सेवा गठन, रेखदेख र नियन्त्रणसम्बन्धी प्रावधानमा प्रमुख प्रशासकीय अधिकृतले नै महानगर प्रहरीको परिचालन, रेखदेख, नियन्त्रण र निर्देशन दिने अधिकार राख्ने उल्लेख छ । तर, बिहीबार बालेनको निर्देशनमा प्रमुख प्रशासकीय अधिकृत गुरागाईंलाई कार्यालय प्रवेशमा रोक लगाउन नगर प्रहरीले कार्यकक्षमा ताला लगाइदिएको थियो । कार्यालय प्रवेशमै रोक लगाउन परिचालित भएका थिए ।

यद्यपि, महानगरका कर्मचारी, वडाध्यक्ष र कार्यपालिका सदस्यहरूको ठूलो भीडसामु बालेनको सीप चलेन । गुरागाईंलाई रोक्न तैनाथ राजु पाँडे नेतृत्वको नगर प्रहरी बलले सकेन । महिनौँपछि गुरागाईंको कार्यकक्षमा प्रवेश भयो ।

नगर प्रहरीहरू उनको पछिपछि लागे । कर्मचारी र वडाध्यक्षले नै गुरागाईंलाई कार्यकक्षसम्मै डोहोऱ्याएर लगे । कार्यकक्षमा बालेनको समूहले सचिवालयले ताला लगाएको थियो । ताला फुटाउने प्रयासमा केहीबेर धकेलाधकेल भयो । यसक्रममा बैठक कक्षको फल सिलिङ भित्ता नै भत्किएको थियो र छेउको कोठाको सिसा फुटेको थियो ।

त्यसपछि प्रमुख प्रशासकीय अधिकृत गुरागाईंको कार्यकक्षछेउकै बैठक कक्षमा वडाध्यक्ष, कार्यपालिका सदस्यहरू भेला भए । एकछिनपछि त्यहाँ उपप्रमुख सुनिता डंगोल पुगिन् ।

बैठकमा सहभागी एक वडाध्यक्षका अनुसार, बैठकमा कार्यपालिकाका ४१ सदस्यहरू उपस्थित थिए । त्यहाँ उपप्रमुख डंगोल प्रमुख बालेनप्रति निकै आक्रोशित भइन् । प्रमुख प्रशासकीयको कक्षमा लगाइएको तालाबारे नगर प्रहरी बलका प्रमुख राजु पाण्डेसँग सोधखोज गरिन् । त्यसक्रममा पाँडेले माथिको आदेशकै आधारमा ताला लगाएको बताए ।

त्यसपछि सुनिताले सोधिन्, 'लिखित आदेश छ ?' पाँडेले मौखिक आदेश आएको बताए । झनै आक्रोशित सुनिएकी उनले ताला खोल्न निर्देशन दिँदै बालेनले कोठामा बसेर निर्देशन दिइरहेको भन्दै गुनासो गरिन् ।

अनि, प्रमुख प्रशासकीय अधिकृत गुरागाईंले हाजिर गरे । उनलाई कार्यालय प्रवेश गराएका कर्मचारीहरू खुसी भए । बालेन भने देखिएनन् । महानगर क्षेत्रमा करिब दुई घण्टासम्म तनावपूर्ण स्थिति भएको थियो ।

महानगरका प्रवक्ता नवीन मानन्धर भन्छन्, 'अब महानगरको डेडलक खुल्यो ।'

गुरागाईंमाथि बालेनले काठमाडौं टावर निर्माण प्रक्रियामा अनियमित नक्सा स्वीकृतिको आरोप लगाएका थिए । आरोपपछि गुरागाईंलाई बिदामा बस्न बालेनले भनेका थिए । कार्यालय आउन दिएका थिएनन् । त्यहीबीच सामान्य प्रशासन मन्त्रालयसमक्ष अर्को प्रमुख प्रशासकीय अधिकृत पठाउन मागसहित राय पठाएको थियो ।

क्रमशः पृष्ठ २ मा

वायु प्रदुषणले पार गऱ्यो खतराको तह

# नियन्त्रणका लागि आकाशे पानी पर्खँदै सरकार

- काठमाडौंमा वायु प्रदूषण बढेसँगै सरकारले सातामा दुई दिन बिदा दिन प्रस्ताव
- पछिल्लो २४ घण्टामा देशभर आगलागी र डढेलोका ७२ घटना
- वायु प्रदूषणको गाम्भिर्यतालाई ध्यानमा राखी सम्भव भएसम्म घरमै बस्न, कार्यालयका कामहरु घरबाटै व्यवस्थापन गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको अपिल



**काठमाडौंको मनमैंजुबाट बिहीबार बिहान देखिएको वायु प्रदूषणका कारण तुवालोले ढाकेको आसपासको क्षेत्र ।**
*तस्बिरः हरिराम भेटुवाल/रासस*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** काठमाडौंको वायु प्रदुषणले खतराको तह पार गरेको छ । धुम्म परेको तुवालोका कारण आकाश खुल्न सकेको छैन । आँखा पोल्ने, घाँटी खस्खसाउने, यसैगरी मौसम अस्थिर हुँदा मानिसहरू बिरामी हुने क्रम पनि बढ्दो छ ।

वातावरण विभागका अनुसार पछिल्लो हप्ता काठमाडौं लगातार संसारकै प्रदूषित सहर बनेको छ । बुधबार र बिहीबार पनि काठमाडौं पहिलो प्रदूषित सहर बनेको छ । विश्वव्यापी हावाको अवस्था मापन गर्ने संस्था आईक्यूएयरको तथ्यांकअनुसार बिहीबार काठमाडौंको औसत एयर क्वालिटी इन्डेक्स (एक्युआई) प्रतिघण्टा २३५ माइक्रोग्राम प्रतिघनमिटर मापन गरिएको छ । मंगलबार २२५ मापन भएको थियो । काठमाडौंका केही स्थानमा यो तह ३९० सम्म पनि पुगेको देखिन्छ ।

जबकि १०१ देखि १५० लाई नै संवेशनशील समूहका लागि अस्वस्थ मानिन्छ । १५१ देखि २०० सम्मलाई अस्वस्थ, २०१ देखि ३०० सम्मलाई निकै अस्वस्थ र ३०१ भन्दा माथि मापन भए खतरनाक तह पुगेको मानिन्छ । यसअनुसार काठमाडौंको रवि भवन क्षेत्र निकै अस्वस्थको तहमा पुगेको छ ।

बिहीबार साँझको तथ्याङ्कअनुसार काठमाडौंपछि भारतको नयाँ दिल्ली १९२ सहित दोस्रो स्थानमा रहेको छ भने तेस्रो स्थानमा म्यानमरको याङगोन सहर । चौथो नम्बरमा चीनको उहान, पाँचौ नम्बरमा युएईको दुबई सहर रहेको छ ।

यसरी वायु प्रदरषले खतराको तह पार गर्दा पनि सरकारसँग भने नियन्त्रणबारे कुनै योजना छैन । वातावरण व्यवस्थापन विभाग आकाशे पानीको आश गर्दै बसेको छ । विभागका वातावरण निरीक्षक प्रकाश केसीले भने, 'हामीले वाच गरिरहेका छौँ, विभिन्न ठाउँमा भएको आगलागीको असर हो यो ।'

यसको नियन्त्रणका लागि आगलागी नियन्त्रण गर्नुपर्ने वा पानी नै पर्नुपर्ने उनले बताए । मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार हालको वायु प्रदूषणका कारण दम, फोक्सोसम्बन्धी रोग, आँखाको समस्या, नाक र घाँटीमा एलर्जी, छालामा समस्या, हृदय रोग तथा दीर्घकालीन स्वास्थ्य समस्या देखिन सक्ने भएकाले संवेदनशील समूहमा पर्ने बालबालिका, वृद्धवृद्धा, गर्भवती तथा दीर्घरोगीले विशेष सतर्कता अपनाउनुपर्छ ।

यसरी वायु प्रदुषण बढ्नका मुख्य कारण उद्योग, कलकारखाना र सवारी साधनबाट निस्कने धुवाँ, डढेलो, खुला रूपमा फोहोर तथा कृषिजन्य अवशेष जलाउने, घरबाट निस्कने धुवाँ, सडक तथा निर्माण कार्यहरूबाट उड्ने धुलो आदि भएको वातावरण विभागले जनाएको छ । प्रदूषण बढेपछि विभागले सूचना जारी गर्दै विशेष गरी बालबालिका, ज्येष्ठ नागरिक, श्वासप्रश्वासमा समस्या भएका व्यक्तिहरू, मुटुका बिरामी, गर्भवतीहरूलाई विशेष सावधानी अपनाउन अनुरोध गरेको छ ।

यसैगरी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले यस्तो अवस्थामा काम नपरी बाहिर ननिस्कन अनुरोध गरेको छ ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# संघको निर्वाचन द्विपक्षीय प्रतिस्पर्धातर्फ

## नेतृत्व दौडमा गुरुङ र गेलाल

■ **ममता थापा**

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी नेतृत्वका लागि द्विपक्षीय प्रतिस्पर्धा हुने निश्चित भएको छ । सत्ता साझेदारीमा रहेका दुई दल नेपाली कांग्रेस र नेकपा एमालेनिकट व्यवसायीहरू छुट्टाछुट्टै प्यानल बनाएर चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् । कांग्रेसबाट भुवनसिंह गुरुङ र एमालेबाट नरेश गेलालको नेतृत्वमा प्यानल घोषणा गरिएको हो ।

कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले अध्यक्षमा गुरुङसहित अन्य पदका उम्मेदवारहरू सार्वजनिक गरेको छ । यो प्यानलमा नेकपा माओवादी केन्द्रनिकट वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च पनि जोडिएको छ । माओवादीनिकट व्यवसायीसँग चुनावी तालमेल गरेकोमा असन्तुष्टि जनाउँदै एसोसिएसनका केही व्यवसायी प्रगतिशीलतर्फ लागेका छन् ।

अर्कोतर्फ एमालेनिकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चले लोकतान्त्रिक एसोसिएसनका असन्तुष्ट पक्ष र नेकपा एकीकृत समाजवादीनिकट एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनसँग गठबन्धन गरेर उम्मेदवार सार्वजनिक गरेको छ । यो प्यानलबाट अध्यक्षमा गेलालसहित अन्य पदका उम्मेदवारहरू बुधबार घोषणा गरिएको छ ।




**प्रगतिशील मञ्च नेतृत्वको संयुक्त व्यवसायी समूह**

**अध्यक्षः** नरेश गेलाल
**प्रथम उपाध्यक्षः** सुजितकुमार श्रेष्ठ
**द्वितीय उपाध्यक्षः** मधुकर रिजाल
**तृतीय उपाध्यक्षः** बैकुण्ठवैभव पौडेल
**महासचिवः** कर्ण कटवाल
**सचिवः** अनिल बोगटी
**कोषाध्यक्षः** धनु सिञ्जाली मगर

**सदस्यहरुः**
देउमान नेम्वाङ, राजेन्द्र बस्नेत, चन्द्र लिम्बू, रमा खड्का, हिमा गुरूङ, दिनेश बस्नेत, कामेश्वर शाह राहुल, छत्र बस्नेत, युवराज देवकोटा र राजेश यादव

**लोकतान्त्रिक एसोसिएसन नेतृत्वको संयुक्त प्यानल**

**अध्यक्षः** भुवनसिंह गुरूङ
**प्रथम उपाध्यक्षः** नरेन्द्रप्रसाद ढकाल
**द्वितीय उपाध्यक्षः** देवकुमार खोखाली
**तृतीय उपाध्यक्षः** हर्कबहादुर लिम्बू
**महासचिवः** महेशकुमार बस्नेत
**सचिवः** कुन्छादोर्जे डिम्दोङ
**कोषाध्यक्षः** विक्रम श्रेष्ठ

**सदस्यहरुः**
विद्यालक्ष्मी बज्राचार्य, देवीप्रसाद गिरी, दीपककुमार राय, सुवर्ण लामा, सुमनराज पाण्डे, तिलस्पा दाहाल, गीता राउत, कृष्ण ढकाल, रेखा शेर्मा र भरत सापकोटा

यही चैत २९ गते हुने संघको निर्वाचनमा गुरुङ र गेलालबीचको प्रतिस्पर्धा रोचक हुने देखिएको छ । दुवै पक्ष आ-आफ्नो जित सुनिश्चित रहेको दाबी गर्छन् । एसोसिएसनको असन्तुष्ट पक्ष प्रगतिशीलतिर मिसिन पुग्दा त्यसको लाभ गेलाललाई पुग्ने उनीनिकट व्यवसायीहरू बताउँछन् । तर गुरुङपक्षका व्यवसायीहरू भने केही व्यक्ति विपक्षी प्यानलतर्फ लाग्दैमा फरक नपर्ने दाबी गर्छन् ।

एसोसिएसनको कार्यसमितिले गत चैत १७ गते गुरुङलाई अध्यक्षको आधिकारिक उम्मेदवार बनाउने निर्णयसँगै गणतान्त्रिकसँग तालमेल हुने आधिकारिक घोषणा गरेको थियो । त्यसपछि पूर्वअध्यक्षहरू विमल ढकाल, कुमुद खनाल, प्रज्ञान न्यौपानेलगायतले असन्तुष्टि व्यक्त गरेका थिए । उनीहरूले यो विषय पार्टी सभापति शेरबहादुर देउवासमक्ष राखेका थिए । सभापति देउवाबाट 'पार्टीको नीति जे छ त्यही गर्नु' भन्ने निर्देशन पाएको भन्दै उनीहरू प्रगतिशीलतर्फ लागेका हुन् । हाल कांग्रेस-एमाले सत्ता गठबन्धनमा रहेकाले प्रतिपक्षीसँग गठबन्धन गर्न नहुने उनीहरूको जिकिर छ ।

क्रमशः पृष्ठ २ मा




## पृष्ठ १ बाट क्रमशः

पृष्ठ १ बाट क्रमशः

## नियन्त्रणका...

'वायु प्रदूषणको गाम्भिर्यतालाई ध्यानमा राखी सम्भव भएसम्म घरमै बस्न, कार्यालयका कामहरू घरबाटै व्यवस्थापन गर्न सकिने अवस्था भए घरबाटै गर्न प्रोत्साहन गर्न, सवारी साधनको प्रयोग कम गर्नु,' बिहीबार विज्ञप्ति जारी गर्दै प्राधिकरणले भनेको छ । वायुप्रदूषण विज्ञहरूका अनुसार अझै एक हप्ता वायुप्रदूषणमा सुधार नहुने देखिएकोले सम्बन्धित जिम्मेवार निकायले वायुप्रदूषणको अवस्थामा सुधार ल्याउन एवं संकटासन्न संवेदनशील समूहलाई सम्भावित असरबाट जोगाउन आवश्यक कदम चाल्नसमेत प्राधिकरणले अपिल गरेको छ ।

### ४८ जिल्लामा एकैदिन ७४ आगलागी र डढेलोका घटना

पछिल्लो २४ घण्टामा देशभर आगलागी र डढेलोका ७२ घटना भएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार मंगलबार बिहान १० बजेदेखि बुधबार बिहान १० बजेसम्मको तथ्याङ्कमा ४८ जिल्लामा आगलागी तथा वन डढेलोको घटना देखिन्छ ।

यसमध्ये २५ जिल्लामा ३४ वटा आगलागीका घटना भएको र २३ जिल्लामा ३८ वटा वन डढेलोका घटना भएको तथ्याङ्कमा उल्लेख छ । ती घटनामा एक जनाको मृत्यु भएको छ भने ५ जना घाइते भएको प्राधिकरणले जनाएको छ । यसैगरी पछिल्लो चार दिनमा २७२ वटा वन डढेलो र आगलागीका घटना भएको प्राधिकरणले जनायो ।

### बिदा बढाउन प्रस्ताव

काठमाडौंमा वायु प्रदूषण बढेसँगै सरकारले सातामा दुई दिन बिदा दिन प्रस्ताव भएको छ । वन तथा वातावरण मन्त्रालयले सातामा दुई दिन बिदाको प्रस्ताव गरेको हो । कार्यवाहक प्रधानमन्त्री प्रकाशमान सिंहले वातावरण प्रदूषण बढेपछि विज्ञहरूलाई बोलाएर बिहीबार छलफल गरेका थिए ।

कार्यवाहक प्रधानमन्त्री सिंहले बढ्दो वायु प्रदुषण कम गर्न सबैले भूमिका खेल्नुपर्नेमा जोड दिए । छलफलमा वन मन्त्रालयले प्रदूषण बढ्दै गएकाले सातामा दुई दिन बिदा दिन प्रस्ताव गरेको थियो । वन मन्त्रालयका सचिव दीपक खरालले सातामा दुई दिन बिदा र सवारी जोर-बिजोर गरेर चलाउनुपर्ने सम्मको स्थिति हुन सक्ने बताएका थिए । विज्ञहरूले प्रदूषणको प्रमुख कारण सवारी साधनबाट निस्कने धुवाँ रहेको दाबी गर्दै केही दिन चाप कम गर्नुपर्ने सुझाव दिएका थिए ।

### "भिजिबिलिटी" कम हुँदा हवाई उडान प्रभावित

केही दिनयतादेखि काठमाडौंमा बाक्लो तुवाँलो लाग्दै आएकाले 'भिजिबिलिटी' कम हुँदा त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा हवाई उडान तथा अवतरण प्रभावित बन्न थालेका छन् ।

केही दिनदेखि काठमाडौंको आकाशमा बाक्लो तुवाँलो लाग्दै आएकाले 'भिजिबिलिटी' कम भएर 'आइएफआर' प्रविधिबाट उडान, अवतरण भइरहेको त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलका प्रमुख एवं महाप्रबन्धक जगन्नाथ निरौलाले बताए । 'बाक्लो तुवाँलोले भिजिबिलिटीमा कमी आएपछि आइएफआर प्रविधिबाट उडान/अवतरण भइरहेको छ । सोही कारणले साबिकको तुलनामा जहाजको व्यवस्थापनमा केही ढिला हुँदै आएको छ । उडान तथा अवतरण भने हालसम्म रद्द गरिएको छैन,' निरौलाले भने ।

विमानस्थलमा दिउँसो तीन हजार मिटरको भिजिबिलिटी रहेको महाप्रबन्धक निरौलाले जानकारी दिए । उनका अनुसार बाक्लो तुवाँलोका कारण बिहीबार बुद्ध एयरका तीन माउन्टेन फ्लाइटमध्ये दुईवटा भैरहवा, एउटा जनकपुर तथा यती एयरलाइन्स र श्री एयरलाइन्सका एक-एक माउन्टेन फ्लाइट भैरहवा 'डाइभर्ट' भएका छन् ।

■■■

## ...अनि ...

मन्त्रालयले अस्वीकार गऱ्यो । अर्थात् गुरागाईंलाई नै प्रमुख प्रशासकीय अधिकृतका रूपमा बहाल गर्ने निर्णय लियो । बालेन झनै रुष्ट भए ।

प्रधानमन्त्री केपी शर्मा ओलीमाथि खनिए । प्रमुख प्रशासकीय अधिकृत नहुँदा आफ्ना कर्मचारीले तलब खान नपाएको महिनौं नपाएको भन्दै टुकुचामा गाडीदिनेसम्मको अभिव्यक्ति दिए । यो अभिव्यक्तिले उनी निकै विवादित भए ।

उनले गुरागाईंलाई काठमाडौं टावरको नक्सा प्रकरणमा जोड्दै छानबिनका लागि समिति नै गठन गरेका थिए । समितिले अझै प्रतिवेदन बुझाएको छैन । प्रतिवेदनमा भएको ढिलाइका कारण उनले महानगरका विभागीय प्रमुखहरूबाट राय संकलन गराएर गुरागाईंलाई हटाउन खोजेका थिए । गुरागाईंलाई हटाउने बालेन रणनीतिमा भने मन्त्रालय नै बाधक बन्यो । यसपछि महानगर प्रमुख प्रशासकीय अधिकृतविहीन बन्यो । झण्डै चार महिनादेखि महानगरबाट तलब खाने कर्मचारीले तलब पाएनन् । अर्बभन्दा बढी भुक्तानी रकम रोकिएको छ ।

क्यान्सरका बिरामीलाई दिनुपर्नेजस्ता पैसासमेत रोकिँदा स्थिति निकै जटिल बनेको प्रवक्ता मानन्धरले प्रभावसँग भने । तर, मेयर बालेन गुरागाईंलाई कुनै हालतमा कार्यालय आउन नदिने अड्डी कसेर बसेका थिए । यो कुरा उपप्रमुख सुनिता डंगोलसहित वडाध्यक्ष र कर्मचारीहरूलाई मन परेको थिएन ।

अन्ततः प्रमाणित हुन नसकेको आरोपका आधारमा प्रमुख प्रशासकीयलाई रोकेर तमाम कर्मचारीलाई अप्ठेरोमा पारेको उनीहरूको निचोड थियो । त्यसैले बिहीबार उनीहरूले आफ्नै बलमा गुरागाईंलाई कार्यकक्षमा छिराएर हाजिर गराए, जुन बालेनका लागि अनपेक्षित हो । गुरागाईंका लागि भने जित हो ।

■■■

## संघको निर्वाचन...

पार्टीले तल्लो तहसम्म पनि 'माओवादीसँग तालमेल नगर्नू' भनेकाले एमालेसँग तालमेल गर्नुको विकल्प नरहेको तर्क उनीहरूको छ । एसोसिएसन र गणतान्त्रिकका साझा उम्मेदवार गुरुङ निर्वाचन परिचालन मूल समारोह समिति बनाएर चुनावी प्रचारप्रसारमा जुटिसकेका छन् । विगतमा संघको सदस्यदेखि तृतीय र द्वितीय उपाध्यक्ष भएर काम गरेको अनुभव उनीसँग छ । एसोसिएसनमा सुरुदेखि नै आबद्ध रहेका गुरुङ त्यहाँ भने कुनै महत्त्वपूर्ण पदमा बसेनन् । आफू अनुभवी र परिपक्व उम्मेदवार भएकाले व्यवसायीले आफूलाई नै जिताउने उनको दाबी छ । गुरुङले वैदेशिक रोजगार व्यवसायको शुद्धीकरण र यस क्षेत्रको समस्या सम्बोधन गर्ने विषयलाई प्रमुख एजेण्डा बनाएका छन् ।

प्रगतिशीलका गेलाल भने एसोसिएसनको आन्तरिक कलहको फाइदा उठाउने दाउमा छन् । एसोसिएसनको असन्तुष्ट पक्ष र समाजवादीनिकट व्यवसायीको साथ पाएपछि उनी उत्साहित देखिन्छन् । गेलाल प्रगतिशील मञ्चका पूर्वअध्यक्ष र संघका पूर्वमहासचिव हुन् । अघिल्लोपटक २०७९ मा भएको निर्वाचनमा पनि एसोसिएसनको आन्तरिक किचलोको फाइदा प्रगतिशीलले उठाएको थियो । लोकतान्त्रिक एसोसिएसनबाट कुमुद खनाल अध्यक्षका उम्मेदवार हुँदा गुरुङ बागी उठेका थिए । यसपटक खनालको समूह त्यसैको रिस साँध्न लागिपरेको देखिन्छ ।

यसअघि फागुन २ गते हुने भनिएको संघको निर्वाचनमा पनि गुरुङलाई गलत ढंगबाट उम्मेदवार बनाइएको भन्दै एसोसिएसनबाट अध्यक्षका आकांक्षी छ जनाले विरोध जनाएका थिए । जसमा खनालसहित प्रज्ञान न्यौपाने, सुजितकुमार श्रेष्ठ, चिरञ्जीवी बस्याल, मेघनाथ भुर्तेल र किशोर केसी रहेका थिए ।

तर संघको वर्तमान कार्यसमितिले निर्वाचन स्थगित गरेर असार १७ गते पुऱ्याएको थियो । गुरुङले आफूलाई हराउन षड्यन्त्रपूर्वक चुनाव सारेको भन्दै विरोध जनाएका थिए । यो विवाद जिल्ला प्रशासन कार्यालयसम्म पुग्यो । गुरुङपक्षले निर्वाचन सार्ने संघ कार्यसमितिको निर्णय खारेजीका लागि निर्देशन जारी गर्न माग गरे पनि प्रशासनबाट त्यस्तो निर्देशन जारी भएन । यद्यपि, व्यवसायीहरूको विरोधपछि निर्वाचन मिति अगाडि सार्दै चैत २९ लाई तय गरिएको हो ।

# सेतो मच्छिन्द्रनाथको जात्रा शनिबारदेखि

**काठमाडौं (प्रस)–** सेतो मच्छिन्द्रनाथको जात्रा यही चैत २३ गते शनिबारदेखि सुरु हुँदै छ । स्थानीय भाषामा जनबहाः द्यः पनि भनिने यस देवतालाई बौद्धहरूले आर्यावलोकितेश्वर वा करुणामयको रूपमा पुज्छन् ।

हरेक वर्ष पौष शुक्लपक्ष अष्टमीका दिन महास्नान गराई मनाउन सुरु गरिने जात्राको व्यवस्थापन यस वर्ष पनि जनबहाःद्यः रथ जात्रा व्यवस्थापन समितिले गरिरहेको छ । समितिले पछिल्लो १३ वर्षदेखि रथजात्राको व्यवस्थापन गरिरहेको छ । समितिका अनुसार यस वर्ष जात्रा व्यवस्थापनका लागि विभिन्न २० वटा उपसमितिहरू गठन गरिएका छन् ।

जनबहाःद्यः रथजात्रा व्यवस्थापन समितिका सचिव सुजिव बज्राचार्यले यस वर्ष रथजात्राको पहिलो दिन चैत २३ गते तीनधारा पाठशाला जमलबाट रथ तानेर असन पुऱ्याइने बताए । साथै चैत २४ गते रथलाई असनबाट हनुमानढोका पुऱ्याइने छ भने चैत २५ गते हनुमानढोकाबाट लगनटोल पुऱ्याइने छ । चैत २६ गते रथलाई तानेर आर्यावलोकितेश्वर (करुणामय) को आमा भनिने लगन टोलको डबलीको बीचमा रहेको रूखलाई तीनचोटि परिक्रमा गराइन्छ । चैत २७ गते लगन टोलबाट बेलुकीपख खटमा राखी आर्यावलोकितेश्वरलाई पुनः जनबहाःस्थित आफ्नै मन्दिरमा फर्काउने कार्यक्रम रहेको उनले बताए ।

उनका अनुसार यस वर्ष असन पुऱ्याउने काम 'याः न्याःयेकेगु' सम्पन्न भएपछि बेलुकी दर्शनका लागि राष्ट्रपति रामचन्द्र पौडेल आउने तालिका छ । यस वर्ष पर्यटन बोर्डको संयोजनमा पहिलो दिन जमलमा विदेशी पर्यटकहरूलाई रथजात्रा अवलोकन गराउने कार्यक्रम राखिएको छ ।


**युएइमा रोजगार** कम्पनी : **Nesto Management Office L.L.C Sole Proprietorship SHJ BR**

पूर्व स्वीकृति मिति : २०८१/०७/०७ पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/२१ LT. No. 310364 चलानी नं. ६०२३५४३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales Officer | 100 | 85 | 1200 | ४४,६१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २९ गते (11th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६३९/०८०/०८१

**BROTHER RECRUITMENT Pvt. Ltd.**
Gongabu-26, Kathmandu, Nepal, Phone No. 01- 5919811, Butwal: 9802676987 Jhapa: 9801401300 | 9801427301 | 9801427304, Kathmandu 9851122190 | 9851041811 | 9805865194 | 9805865193 | 9805865192 | 9823301035
Itahari Contact No: 9816368105/9810591900


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/१२/२२**

**पाण्डा कन्सल्टेन्ट्स एण्ड कन्स्ट्रक्सन** को मिति २०८१/१२/१३ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **पाण्डा ट्रेडर्स एण्ड कन्स्ट्रक्सन (प्रा.लि. नं.: २२७३६२)** कायम गर्ने गरी मिति २०८१/१२/१७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०५/०२ मा दर्ता भएको **प्रा.लि. नं. २९६७६७/०७९/०८०** को **सर्वदा फुड प्रा. लि.** को मिति २०८१/१२/२० को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/०५/२७ मा दर्ता भएको **प्रा.लि.नं. १७५०८३** को **रिओ दि एजुकेशन सर्भिस एण्ड कम्प्युटर इन्स्टीच्युट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/१२/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भुमि व्यवस्थापन तथा अभिलेख विभाग**
**भुमि सुधार तथा मालपोत कार्यालय**
**सर्लाही, मलंगवा**

**३५ दिने सार्वजनिक सूचना**

जि. गा.वि.स. अत्रौली वार्ड नं. (हाल हरिवन न.पा. वार्ड नं. २ मा वस्ने पराले माझी र अनुप तत्मा नाउँको हकदावी गर्न आउने वारेको सूचना ।
उपरोक्त सम्वन्धमा जि.सर्लाही साविक गा.वि.स. अत्रौली वार्ड नं.(हाल हरिवन न.पा. वार्ड नं.२ मा बस्ने **फुल कुमारी तमाङ्**को नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गाको मोही महलमा जि. सर्लाही साविक गा.वि.स. अत्रौली वार्ड नं. (हाल हरिवन न.पा. वार्ड नं. २ मा बस्ने **पराले माझी र अनुप तत्मा**को नाम उल्लेख रहेकोमा जग्गा धनीको घरबारीको मोही लगत कट्टा गरि पाउँ भन्ने निवेदनमा कार्यालयवाट मिति २०८१ र १२ र १५ गतेमा भएको आदेशानुसार मोही हक दावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद वाहेक ३५ दिनभित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम मोही लगत कट्टा तर्फको कार्यवाही भै जाने यसै सूचनाद्धारा जानकारी गराईन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।

**नेपाल सरकार**
**भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भुमि व्यवस्थापन तथा अभिलेख विभाग**
**भुमि सुधार तथा मालपोत कार्यालय,**
**सर्लाही मलंगवा, मोही फांट**

**३५ दिने सार्वजनिक सूचना**

जि. सर्लाही साबिक गा.वि.स. खोरीया भगवनपुर हाल चक्रघट्टा गा.पा. वार्ड न. ६ मा बस्ने **गुदर महतो कोईरी** नाउँको हकदावी गर्न आउने बारेको सूचना ।
उपरोक्त सम्बन्धमा जि. सर्लाही साबिक गा.वि.स. औरही वार्ड नं. ७ हाल चक्रघट्ट गा.पा. वार्ड न. ७ मा बस्ने **केवला देवी कोईरी** को नाममा दर्ता कायम रहेको जि.स.गा.वि.स. खोरीया भगवानपुर वार्ड नं. ९ कि‌ं न. ४३२ क्षेत्रफल ०-३-३-२ जग्गाको मोही महलमा जि-सर्लाही साविक गा.वि.स. खोरीया भगवनपुर हाल चक्रघट्टा गा.पा. वार्ड नं. ६ मा बस्ने गुदर महतो कोईरी को नाम उल्लेख रहेकोमा जग्गा धनीको मरुवा मोही लगत कट्टा गरि पाउँ भन्ने निवेदनमा कार्यालयबाट मिति २०८१/१२/१५ गतेमा भएको आदेशानुसार मोही हक दावी सम्बन्धी ३५ दिने सुचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम मोही लगत कट्टा तर्फको कार्यवाही भै जाने यसै सूचनाद्धारा जानकारी गराईन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।

**नेपाल सरकार**
**उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६/०२/२४ मा दर्ता भएको प्रा. लि. नं. २१६९३३/७५/०७६ को **ए. एस. आर. कस्मेटिक्स** नामक कम्पनी यस कार्यालयको मिति २०८१/१२/०६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उफदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Sudurpaschim Provincial Government**
**Ministry of Physical Infrastructure Development**
**Urban Development And Building Office**
**Baitadi**

### Invitation for Bid (IFB)

**Notice no 3rd 081/082**
***(First date of publication: 22nd Chaitra 2081 BS, (4th April 2025 A.D)***

1. Urban Development And Building office, Baitadi invites open competitive bids for following Works under National competitive bidding – Single Stage Single Envelope procedures. All other information & bid documents can be downloaded from PPMO's web site www.bolpatra.gov.np/egp/.
2. Interested Eligible bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before May 4, 2025 (BS-2082-01-21) For NCB 12:00 Noon.Eligible bidders may obtain further information from Urban Development And Building Office ,Baitadi (Tel: 095-520145 email: dudbcbaitadi24@gmail.com) during office hour or may visit PPMO web portal *www.bolpatra.gov.np/egp.*

| S.N | Contract Identification No. | Description | Estimated Amount (With VAT & PS) NRs. | Price of Bid Document fee | Bid Security/ Bid Bond(NRS) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | UDBO/BTD/NCB/W/11/2081/082 | Construction Of Administrative RCC Building Of Water Supply And Sanitation Division Office, Dashrathchand Municipality-04, Baitadi. | 1,44,91,368.26 | **3000.00** | **3,50,000** | NCB |
| 2 | UDBO/BTD/NCB/W/12/2081/082 | Construction Of Administrative RCC Building Of water Resources And Irrigation Development Division Office, Jayprithivi Municipality – 10, Bajhang. | 96,26,623.13 | **3000.00** | **2,30,000** | NCB |

**For Office Chief**

**Karnali Province Government**
**Ministry of Physical Infrastructure And Urban Development**
**Infrastructure Development Directorate**
**Infrastructure Development office, Mugu**

### Invitation for Bids

**IFB No: 4-081/082**
***Date of First Publication: 2081/12/22 B.S ( April-04, 2025 A.D)***

1. Infrastructure Development Office (IDO), Karnali Province, Mugu invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.

| S. N. | Contract Identification Number/ Name of project | Average Annual Construction Turnover(NRS) in Million | Bid Validity & Bid Security Validity Period | Bid Security Amount (NRs) | Bid Document Fees (NRs | Work Experience/ Qalification |
|---|---|---|---|---|---|---|
| 1. | IDO/MUGU/W/NCB/18/2081/082, Upgrading of Talcha Rara Sadak Kalopatre Chhayanath Rara Na. Pa. Mugu | 78.56 million | 90 & 120 days respectively from bid opening date | 2.28 million | 5000.00 | As Per Evaluation Criteria |

| S. N. | Contract ID, Description of works | Estimated Amount with VAT & PS (NRs.) | Bid Security Amount (NRs.) | Bid validity & Bid security validity period | Bid Document Fees (NRs) |
|---|---|---|---|---|---|
| 1 | IDO/MUGU/W/NCB/19/2081/082, Construction of Kushatauka Dekhi Ryanchakati Sadak Nirman | 38,64,845.15 | 1,02,000.00 | 90 & 120 days respectively from bid opening date | 3,000.00 |
| 2 | IDO/MUGU/W/NCB/20/2081/082, Upgrading of Putta Khola Bhanekhola Rolasaina Sadak Nirman Khatyad | 48,30,409.35 | 1,25,000.00 | 90 & 120 days respectively from bid opening date | 3,000.00 |
| 3 | IDO/MUGU/W/NCB/21/2081/082, Construction of Ramnikadh Hegoti Rekhiya Gramin Sadak Khatyad | 48,31,011.55 | 1,25,000.00 | 90 & 120 days respectively from bid opening date | 3,000.00 |
| 4 | IDO/MUGU/W/NCB/22/2081/082, Upgrading of Alkasaghu charapu Sadak Nirman | 38,64,404.20 | 1,02,000.00 | 90 & 120 days respectively from bid opening date | 3,000.00 |
| 5 | IDO/MUGU/W/NCB/23/2081/082, Upgrading of Panche Gamtha Raskotibada Neta Nakharji Dhogarna Hachuli Sukhadhik Jhugala, Khatyad RM (Section 2-Bajeri Pahiro) | 15,87,651.66 | 40,000.00 | 90 & 120 days respectively from bid opening date | 3,000.00 |
| 6 | IDO/MUGU/W/NCB/24/2081/082, Upgrading of Kalakada Panche Khatyad Road (Section 2) | 29,07,958.02 | 75,0000.00 | 90 & 120 days respectively from bid opening date | 3,000.00 |

2. Information to deposit the cost of bidding document and bid security in bank are as follows:
   **Name of the Bank** : Rastriya Banijya Bank, Revenue Account Number: 10000201010006, Office Code Number: 3370163016
   **Name of Office** : Infrastructure Development Office Mugu Rajaswo Shirshak (revenue) Number: 14229
   **Security Account Number** : 4060100202030000
3. Eligible Bidders may refer to the complete set of Bid documents for further information at Infrastructure Development Office, Karnali Province, Mugu Telephone No: 087-460308 or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp
4. Bidder shall submitting their bids electronically only. Electronic bids must be submitted to the Infrastructure Development office, Mugu electronically through PPMO website http://www.bolpatra.gov.np/egp.

**Office Chief**

# नेपाल रेडक्रसका अध्यक्षसहित पाँचजनालाई आइएफआरसीको प्रतिबन्ध

■ प्रभाव संवाददाता

**काठमाडौं–** रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासंघ (आइएफआरसी), अनुपालन तथा मध्यस्थता समिति (सिएमसी)ले नेपाल रेडक्रस सोसाइटीका अध्यक्षसहित पाँचजनालाई प्रतिबन्ध लगाएको छ । आइएफआरसीले नेपाल रेडक्रस सोसाइटीको सञ्चालन तहबाट हट्न र सोसाइटीको आउँदा निर्वाचनमा उम्मेदवारसमेत हुन नपाउनेगरी सोसाइटीका अध्यक्ष प्राध्यापक सुदर्शनप्रसाद नेपालसहित विनोदकुमार बस्नेत, मनोजकुमार थापा, भूपतिलाल श्रेष्ठ र नारायण तिमिल्सेनालाई प्रतिबन्ध लगाएको हो ।

आइएफआरसीको मुख्यालय जेनेभाद्वारा बिहीबार जारी वक्तव्यअनुसार उनीहरू नेपाल रेडक्रस सोसाइटीको सञ्चालन तहको सदस्यतामा राजनीतिक दलहरूका लागि भागबण्डालाई बढावा दिएर राजनीतिक गतिविधिहरूमा संलग्न रहेको पाइएको जनाइएको छ ।

'यो भनेको तटस्थता तथा स्वाधीनताका सिद्धान्तहरूको उल्लंघन हो जुन सिद्धान्तहरूको पालन विश्वभरका रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूका सम्पूर्ण कर्मचारी तथा स्वयंसेवकहरूले गर्नु आवश्यक छ,' वक्तव्यमा भनिएको छ, 'अनुपालन तथा मध्यस्थता समितिको 'प्यानल' ले समितिलाई प्राप्त अन्य जानकारीहरूको पनि समीक्षा गरिरहेको छ र थप व्यक्तिहरूलाई पनि पद छोड्न अनुरोध गरिन सक्दछ । यसका अतिरिक्त, नेपाल रेडक्रसको नयाँ विधान तथा निर्वाचनसम्बन्धी प्रक्रियाका बारेमा सहमतिमा पुग्न सरोकारवालाहरू असफल भएको कारणबाट अन्तर्राष्ट्रिय महासंघको सञ्चालन बोर्ड को सन् २०२५ को जुन महिनामा हुने आउँदो सत्रमा नेपाल रेडक्रस सोसाइटीकाविरुद्ध प्रतिबन्ध लगाउन अनुपालन तथा मध्यस्थता समितिले सिफारिस गर्ने छ ।' वक्तव्यमा यसमा अन्य कदमहरूका साथसाथै नेपाल रेडक्रस सोसाइटीलाई उपलब्ध गराइने आर्थिक सहयोग बन्द गर्ने विषय पनि समावेश हुन सक्ने भनिएको छ । आइएफआरसीले नेपाल रेडक्रस सोसाइटीलाई प्रतिबन्ध नगरिएको हुँदा मानवीय सहयोग, आकस्मिक काम जारी रहने वक्तव्यमा जनाएको छ ।

## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**दोस्रोपटक प्रकाशित मितिः २०८१/१२/२२**

यस कम्पनीको मिति २०८१/११/२७ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **तारापुञ्ज एकेडेमी टुकुचा** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **निष्ट तारापुञ्ज स्कुल काभ्रेपलाञ्चोक** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/१२/११ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **निष्ट तारापुञ्ज स्कुल काभ्रेपलाञ्चोक** (प्रा.लि.नं.१८७६९७) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

## सच्याईएको बारे

मिति २०८०/१०/०९ मा "प्रभाव राष्ट्रिय दैनिक" पत्रिकामा नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडको तर्फबाट प्रकाशित गरिएको ३५ दिने कर्जा चुक्ता गर्न आउने सार्वजनिक सुचना मुताबिक २ नम्बरको ऋणी त्यौपाने फेन्सी स्टोर्सको प्रा.फ.र.नं. : १४८/०६४/०६५ हुनुपर्नेमा अन्यथा भएकोले अन्य विवरण यथावत रहने गरी सच्याइएको व्यहोरा जानकारी गराईन्छ ।

NIMB प्रधान कार्यालय, दरवारमार्ग, काठमाण्डौं फोन नं.:- ५३२८२२९

## रत्ननगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
रत्ननगर चितवन
बागमती प्रदेश, नेपाल

### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक ३३८ चैत २१ गते २०८१ मा प्रकाशित भएको रत्ननगर नगरपालिका चितवनको **बोलपत्र स्वीकृत गर्ने आशयको सूचनामा कबोल गरेको रकम भ्याट र पि. एस. सहित रू. ३३,३१,४०७/८३** (अक्षरेपी तेत्तीस लाख एकतीस हजार चार सय सात रुपैया त्रियासी पैसा) हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक ३२६ चैत ९ गते २०८१ मा प्रकाशित **Kalika Human Resource Pvt Ltd** को Lot No. 314096 को Amwaj Almsela Trading And Contracting Wll कम्पनीको विज्ञापनमा Gen. Clean Worker को महिला संख्या २ तथा अन्तरवार्ता मितिः 29th March, 2025 हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

KALIKA HUMAN RESOURCE PVT LTD
Govt. License 1331/074/75
Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803, 4965281
Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np

## प्रदेश सरकार
## सुदुरपश्चिम प्रदेश
## भौतिक पूर्वाधार विकास मन्त्रालय
## भूमिगत जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय
## धनगढी, कैलाली

### बोलपत्र आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/ १२/२२**

यस भूमिगत जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय धनगढी, कैलालीको कार्य क्षेत्र अन्तर्गत भूमिगत कैलाली जिल्लाको बर्दगोरिया गाउपलिका-२ सिचाई सम्बन्धि निर्माण कार्य सिलबन्दी बोलपत्रको माध्यम बाट गर्न ठेक्का नं. GWRIDDO/PH-DS-ELE-PUMP/NCB/39/2081-082 सिलबन्दी बोलपत्रहरुको लागि मिति २०८१-१२-२२ गते www.bolpatra.gov.np/egp मा सुचना आह्वान गरिएको छ |

| विवरण | सिलबन्दी बोलपत्र |
|---|---|
| दर्ता गर्ने अन्तिम मिति र समय | २०८२/०१/२१ गते दिनको १२.०० बजे |
| खोल्ने अन्तिम मिति र समय | २०८२/०१/२१ गते दिनको २.०० बजे |

सिलबन्दी बोलपत्र पेश गर्ने तरिका : विद्युतिय माध्यमबाट मात्र (Electronic Submission Only) विस्तृत जानकारीको लागि www.bolpatra.gov.np/egp मा हेर्नुहुन वा यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**कार्यालय प्रमुख**

## वनगाड कुपिण्डे नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**देवस्थल, सल्यान**
**कर्णाली प्रदेश, नेपाल**

### ठेक्का स्वीकृत गर्ने आशय सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/१२/२२

यस कार्यालयबाट विभिन्न मितिमा प्रकाशित सूचना अनुसार पेश भएका विधुतिय खरिद बोलपत्र तथा सिलवन्धि दरभाउ पत्रको प्राविधिक तथा आर्थिक मूल्यांकन प्रश्चात तपशिल बमोजिमका प्रस्तावहरु सारभुत रूपमा प्रभावग्राही तथा न्युनतम मूल्याकिंत रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र सोही ऐनको दफा ४० बमोजिम स्वीकृत गर्ने आशयको सूचना सम्वन्धित सबैको जानकारीको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | कामको नाम | बोलपत्र दाताको नाम र ठेगाना | मू.अ.क र PS बाहेकको कवोल अंक |
|---|---|---|---|---|
| १. | BAKUNAPA/NCB/ WORKS-14-2081/082 | Construction Of Kupinde Daha Health Post. | Koshedhunga Construction Pvt. Ltd, Bagchaur-10 Salyan | ३७,३३,९४८.९५ |
| २. | BAKUNAPA/SQ/ WORKS-16-Re-2081/82 | Upgrading of Kutichaur Khanigaun Sallibazar Road | A and B Builders Pvt.Ltd, Kathmandu Metropolition-32, Kathmandu | ७,३२,८३१.११ |

**प्रमुख प्रशासकीय अधिकृत**

## Invitation for Bids

**IBF NO:-IDODLK/IFB-08/2081/82**

***First Date of publication: 2081/12/22 (4th April 2025)***

1. Bagamati Province Government has allocated fund towards the cost of Procurement of following Road Upgrading works mentioned in table. Bidding is open to all eligible bidders as per Section V of bidding documents.
2. Infrastructure Development Office, Dolakha invites electronic bids from eligible bidders under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications mentioned in table should participate in this bidding.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Document at the office of Infrastructure Development Office, Dolakha or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidders should submit their bid electronically and may download the bidding document for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders should deposit amount of NRs. 5000/- for each projects as the cost of bidding document in the Office's Rajaswa (revenue) account as specified below. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: **Nepal Bank Ltd., Charikot, Dolakha**
   Name of Office: **Infrastructure Development Office, Dolakha**
   Office Code no.: **3370123013** Office Account no.: **27202000001001000001**
   Rajaswa (revenue) Shirshak no.: **14229**
5. Pre-bid meeting shall be held at Infrastructure Development Office, Dolakha on **2082/01/10 (23rd April 2025)** at **13:00 hrs**.
6. Electronic bids must be submitted to the office through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12:00 hrs** on **2082/01/21 (4th May, 2025).**
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 hrs** on **2082/01/21 (4th May,2025)** at the office of Infrastructure Development Office, Dolakha. Bids must be valid for a period mentioned in table after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format amounting to a minimum as **mentioned in table**, which shall be valid for **30 days** beyond the validity period of the bid.
8. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S. N | Description of Work and Contract Id No. | Bid Security Amount | Bid Validity Period | AACT | Value of work that is similar in size and nature |
|---|---|---|---|---|---|
| 1 | Balgriha Mahankal Maghadeurali Sadak, Dolakha(IDODLK/W/NCB/65/081/082) | 1.24 Millions | 90 days | 75.0 Millions | As per Section-III Evaluation & Qualification Criteria 2.4.2 Specific Construction Experience (a) Contracts of Similar Size & nature of bid document |
| 2 | Charikot Deurali Kalinchok Sadak(Gairi Kuri Khanda), Dolakha (IDODLK/W/NCB/66/081/082) | 1.24 Millions | 90 days | 75.0 Millions | |

**Office Chief**
**Infrastructure Development Office, Dolakha**

## कतार/बहराइनमा रोजगार

कम्पनी : **BUDGET HYPERMARKET WLL**

पूर्व स्वीकृति मिति : २०८१/१२/२१ | LT. No. 321484 | चलानी नं.६०२३५६५० 

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 15 | 1300 | ४८,६९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **EVERFINE TRADING W.L.L**

पूर्व स्वीकृति मिति : २०८१/०२/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/२१ | LT. No. 304768 | चलानी नं. ६०२१९८५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 10 | 15 | 120 | ४३,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | CLEANER(WORKER) | 10 | 0 | 100 | ३६,२२५ | | | | | | | |
| 3 | HELPER (WORKER) | 10 | 0 | 100 | ३६,२२५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८१ चैत २९ गते (11th Apr. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD. (The Link For Recruitment Consultancy Pvt.ltd.)
LIC No. 615/063/64
Gongabu-26, Kathmandu, Nepal, Contact: +977 5919811 / 5919812, E-mail : info@biegroups.com, Web: www.biegroups.com

## मलेसियामा रोजगार

कम्पनी : **GEMINI FORCE SDN. BHD.**

पूर्व स्वीकृति मिति : २०८०/०५/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/२१ | LT. No. 292305 | चलानी नं. ६०२०७८५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 68 | 0 | 1500 | ४६,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको शाखा कार्यालय, नयाँबजार-८, पोखरामा मितिः २०८१ चैत २९ गते (11th Apr. 2025) मा हुनेछ । Mob: 9856002972**
**संस्थाको कार्यालय काठमाडौमा मितिः २०८१ चैत २९ गते (11th Apr. 2025) मा हुनेछ । Mob: 9823426772**


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


AMCON OVERSEAS PVT LTD
श्रम ईजाजत नं. ६८४/०६३/०६४
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977, E-mail: amconoverseas123@gmail.com

## युएइमा रोजगार

कम्पनी : **SNAPS TECHNICAL SERVICES LLC**

पूर्व स्वीकृति मिति : २०८१/१२/२१ | LT. No. 321523 | चलानी नं. ६०२३५६३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Masons | 1 | 0 | 1200 | ४४,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Painter (Wall Painter) | 1 | 0 | 1000 | ४४,२८५ | | | | | | | |
| 3 | Carpenter | 1 | 0 | 1200 | ४४,२८५ | | | | | | | |
| 4 | False Ceiling/partion Fixer | 1 | 0 | 1200 | ४४,२८५ | | | | | | | |
| 5 | Plumber | 1 | 0 | 1200 | ४४,२८५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८१ चैत २९ गते (11th Apr. 2025) मा हुनेछ ।**


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


ALI OVERSEAS PVT. LTD.
Govt. License 722/064/065
Samakhusi-3, Ranibari, Kathmandu, Nepal Phone : +977-1-4960155, 4960188
E-mail : recruitment.alioverseas@gmail.com, info@alioverseas.com.np, Website : www.alioverseas.com.np

## मलेसियामा रोजगार

कम्पनी : **Eagle Eye Security Sdn. Bhd.**

पूर्व स्वीकृति मिति : २०८१/१२/२१ | LT. No. 321530 | चलानी नं. ६०२३५६३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 51 | 0 | 1700 | ४६,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८१ चैत २९ गते (11th Apr. 2025) मा हुनेछ ।**


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


APPOLO OVERSEAS SERVICES (P) LTD.
Govt. License 586/062/063
Samakhushi,Townplanning, KTM, Tel : +977-1-4363648, 4364403
Email: appolooverseas111@gmail.com, www.appolooverseas.com

## कुवेतमा रोजगार

कम्पनी : **Al Tharya Clean Laundry Center Co.**

पूर्व स्वीकृति मिति : २०८१/१२/२१ | LT. No. 321506 | चलानी नं. ६०२३५६३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 9 | 0 | 100 | ४४,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८१ चैत २९ गते (11th Apr. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


SPACE HR SOLUTIONS PVT.LTD
श्रम ईजाजत नं. १५७१/०७९/०८०
Sukhedhara 4, Kathmandu; Tel: 01-5925496, Whatsapp No.: 9841607558
E-mail: info@spacehrsolution.com, Web: www.spacehrsolution.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# गृह मन्त्रालयमाथि प्रश्नैप्रश्न

**चैत १५ गते राजावादी समूहले काठमाडौंमा गरेको प्रदर्शनमा प्रहरीले गरेको दमन र सरकारी रिपोर्टले प्रश्नमाथि प्रश्न उब्जेको छ । सुरक्षा संयन्त्र सम्हालेको तालुकदार निकाय हो गृहमन्त्रालय । गृहमन्त्रीमा अहिले कांग्रेस नेता रमेश लेखक छन् । सुझबुझपूर्ण जवाफमा उत्रने गृहमन्त्री लेखकको नेतृत्वमा रहेको सुरक्षा निकायले यो प्रदर्शनमा भने अनेकन प्रश्नहरू उब्जाएका छन् ।**

**यो प्रदर्शनको मुख्य योजनाकार र कमान्डर थिए दुर्गा प्रसाईं । मेडिकल व्यवसायी उनलाई उक्त दिन प्रहरीले नियन्त्रणमा लिइसकेको थियो । तर एकाएक प्रसाईं कार्यक्रम स्थल लैजाँदै गर्दा प्रहरीले तिनकुनेमै छाडिदिएको देखिन्छ । उनै प्रसाईंलाई अहिले प्रहरी प्रशासन धुईधुईती खोजिरहेको छ । प्रहरीले बुधबार सार्वजनिक गरेको भिडियोसहितको रिपोर्टमा प्रसाईंले सिंहदरबारदेखि संसद भवन कब्जा गर्नेसम्मका उक्साहटपूर्ण अभिव्यक्ति दिएको देखिन्छ । तर पक्राउ परिसकेको प्रसाईंलाई किन छाडे प्रहरीले ?**

**यतिमात्र हैन प्रहरीले उक्त प्रदर्शनमा सिनामंगल क्षेत्र र कोटेश्वरको भाटभटेनी क्षेत्रमा अनावश्यक गोली प्रहार गरेको पनि पुष्टि भएको छ । प्रहरीले ५८ राउन्ड गोली प्रहार गर्दा २० जना घाइते भएको प्रहरीको प्रेस ब्रिफिङपछि मात्र थाह भयो । प्रहरीले अन्धधुन्ध गोली चलाउने क्रममा त्यहाँ न त नागरिक समाजको उपस्थिति थियो न त मिडियाको । यसरी प्रदर्शनमा आएकामध्ये कति घाइते भए त्यसको सही प्रतिवेदनसमेत प्रहरीले लुकाएको देखिन्छ ।**

**यसैगरी प्रहरी प्रशासनले आफ्नो पक्षमा सेन्टिमेन्ट बटुल्न व्यक्तिगत सम्पत्तिमा भएको तोडफोड र आगजानी नियन्त्रणका लागि भने कुनै बल प्रयोग गरेको देखिन्न । सीमित प्रदर्शनकारी भएको ठाउँमा ताकीताकी गोली हान्ने तर धेरै भएको ठाउँबाट भइरहेको उदण्डता रोक्न केही नगर्ने कारण के हो ? यसैगरी कर्फ्यु जारी गरी सेना खटाएपछि पनि जडीबुटी क्षेत्रमा तोडफोड र आगजनी कसरी भयो ? तिनकुने घटनामा प्रहरीबाट यस्ता थुप्रै सन्देहपूर्ण घटना भएका छन् जसलाई स्वतन्त्र नागरिक समाजले प्रश्न उठाउनुपर्दछ ।**

**प्रदर्शनकारीबाट उद्दण्डताको हद नाघेको छ । उनीहरूलाई कारबाहीको दायरामा ल्याउनुपर्छ र कानुनअनुसार कारबाही हुनुपर्छ । तर सुरक्षा निकायले सही सूचना नदिने, उक्त क्षेत्रमा खटिएका प्रहरीहरूको कमजोर सूचना प्रणालीजस्तो विषयमा भने प्रश्न उठेको छ । यो विषयमा गृहमन्त्रालयले बेलैमा सही जवाफ देओस् । नभए सूचना लुकाएकै कारण जनआक्रोश बढेर जाने देखिन्छ ।**

## श्रम सरोकार

# इजरायल रोजगारीमा जानेले बुझ्नुपर्ने कुरा

नेपालीहरूको आकर्षक रोजगार गन्तव्यमध्येमा पर्छ इजरायल । इजरायलले विशेषगरी सहायक कामदार (घरेलु काममा महिलाका लागि) र कृषि क्षेत्रमा रोजगारीका लागि नेपाली कामदार लैजाने गरेको छ । नेपाल सरकार र इजरायल सरकारबीच भएको जिटुजी सम्झौताअन्तर्गत नै नेपालले कामदार पठाउने गरेको छ । यसबाहेक 'अर्न एण्ड लर्न' कार्यक्रममार्फत पनि नेपाली विद्यार्थीहरू इजरायलमा जाने गरेका छन् । हमाससँगको युद्धकालमा रोकिएको इजरायल रोजगारी केही समय पहिले मात्रै नेपालले खुला गरेको छ ।

दक्षिणी र पूर्वी रेगिस्तानी इलाकामा पर्ने भएकाले यहाँ गर्मी, शुष्क र समशीतोष्ण हावापानी हुन्छ । विशेषगरी महिलाले यो देश रोज्नुको कारण महिलाहरूका लागि सुरक्षित गन्तव्य मानिन्छ र विदेशी कामदारहरूलाई राम्रो नियम कानुन छ । नौ दिन नेपाली चाडको बिदा, वर्षको १२ दिन इजरायली बिदा अनि एक वर्ष पुगेपछि बोनस पाइन्छ ।

यहाँ प्यालेस्टाइनसँग बराबर युद्ध भइरहन्छ । २४ घण्टा घरभित्रको काम गर्नुपर्ने हुँदा मानसिक तनाव हुनसक्छ । चौबिसै घण्टा अशक्त बिरामी र केटाकेटीको काम गर्नुपर्ने हुँदा जतिबेला पनि आफूलाई सतर्क बनाइरहनुपर्छ । महिलाप्रधान देश भएकोले महिलाको जुनसुकै काम पनि सम्मानको दृष्टिले हेरिन्छ । राम्रो तलब सुविधा अनि महिलाहरूको एकमात्र सुरक्षित गन्तव्य हो, इजरायल । त्यहाँ गएर राम्रो आम्दानी सुरक्षाको प्रत्याभूतिसहित आत्मसन्तुष्टि लिन सकिन्छ । कामदारहरूले वृद्धवृद्धाको हेरचाह गर्न जान्ने हुनुपर्छ । अशक्त बिरामीहरूसँग रातदिन बस्नुपर्ने हुँदा सहनशील र धैर्य गर्न सक्नुपर्छ । विद्युतीय सामानहरू चलाउने ज्ञान हुनुपर्छ । एउटा घरको सम्पूर्ण जिम्मेवारी लिएर काम गर्नुपर्ने हुनाले आत्मविश्वासको साथ एउटा घरको पूर्ण जिम्मेवारी लिन सक्नुपर्छ ।

बिदाको दिनबाहेक वृद्धवृद्धालाई एक्लै छोडेर हिंडे यसको विरुद्ध भने कोही बोल्दैन । त्यहाँ अनैतिक काम गर्न हुँदैन । जुन काम गर्न गएको हो त्यो भन्दा अर्को काम गर्न पाइँदैन । हप्तामा एक दिन बिदा लिन मिल्छ । आफूले चाहेको खण्डमा बिदाको दिन पनि काम गर्न पाइन्छ ।

# एकाग्रतासहितको मिहेनत र निरन्तरताबाट सफलता



■ नेत्र सुवेदी 'प्रयास'

> जसरी बिरुवा जति ठूलो भयो त्यति जरा माटोभित्र धेरै तल पुग्ने र फैलने हुँदा उखेल्न गाह्रो हुन्छ । त्यसैगरी, गलत बानी हटाएर राम्रो बानी हुर्काउनका लागि पनि यही नियम लागू हुन्छ । भनिन्छ कि हामी अक्सर जे गर्दछौं, त्यही क्रियाकलापले नै हामीमा बानी विकास हुन जान्छ । हाम्रो प्रवृत्ति वरिपरिको परिवेशअनुसार नराम्रो बानी सजिलै विकसित हुने र यदि लामो समयसम्म त्यस्तो बानी जारी रह्यो भने हटाउन मुस्किल पर्ने हुन्छ । राम्रा बानीको विकास गरेर सोप्रति सदा सचेत रही निरन्तरता दिनु गलत बानी हटाउने उपाय हो ।

यदि नजिकको पसलमा वा मार्टमा सफलता, इज्जत, आत्मबल, स्वास्थ्य, समुन्नति प्याकेजमा किन्न पाए हामी सबै तयार हुन्थ्यौं होला । अहिलेको जमानामा त झन् 'होम डेलिभरी' हुनेगरी नै 'अनलाइन'मा 'अर्डर' गर्थ्यौं होला । अरूले थाहा नपाउँदै उक्त प्याकेज झिकाउन पाए थप खुसी हुन्थ्यौं होला । तर यी दुर्लभ कुराहरू पाउनका लागि हामीहरूले आफैंले प्रण गर्नुपर्दछ, मिहेनत गर्नुपर्दछ, त्यस्तो मिहेनतलाई निरन्तरता दिनुपर्दछ भन्नेमाचाहिँ कमैको ध्यान पुगेको हुन्छ । सफलता मिल्यो भने खुसी भइने हुनाले सफलता मिल्नुलाई खुसी प्राप्तिको साधनका रूपमा व्याख्या गरेको पाइन्छ । साधना, शान्ति र आनन्दजस्ता खुसी प्राप्तिका माध्यम सम्बन्धमा भने यस लेखमा चर्चा गरिएको छैन । हाम्रो समय बर्बाद गर्ने क्रियाकलाप र खराब बानीबाट कसरी छुटकारा पाउने भन्नेतर्फ आउने हरफहरू केन्द्रित रहने छन् ।

एउटा घतलाग्दो प्रसंग के छ भने लतसँग जोडिएका क्रियाकलापबाहेक कुनै पनि नयाँ काम गर्नुभन्दा नगर्नु सरल नै हुन्छ । तर जीवनमा केही न केही गर्ने र समाजमा राम्रो छाप छाड्ने हो भनेर मनैदेखि लागिपरेकाहरू भने जोखिम किन नहोस् काम गर्ने भनेर अग्रसर हुने गर्दछन् । साना-साना दैनन्दिनका छनोट वा निर्णयले हाम्रो जीवनलाई सार्थक र रहरलाग्दो बनाउन सहयोग पुग्दछ । तर त्यस्ता छनोटहरू भने सजगतापूर्वक लिइएको हुनुपर्दछ । सामान्यतया हामीले लिने निर्णयहरू ९५ प्रतिशत जति त तिनका गुण दोषको विश्लेषण नै नगरी वा अझ भनौं बेहोसीमा वा अर्धचेतनामा लिने गरिएको अध्ययनको निष्कर्ष छ । के खाने, कहाँ जाने, के काम गर्ने, के कस्तो व्यक्तिसँग समय बिताउने, हरेक दिन के कस्तो उपलब्धि हासिल गर्ने, आदि सुन्दा सामान्य लाग्ने यी क्रियाकलाप तथा प्रवृत्तिले पनि जीवनमा विशेष अर्थ राख्दछन् । तत्काल प्रशंसा वा आनन्द बटुल्नुभन्दा पनि दीर्घकालमा राम्रो नतिजा दिने खालका कामका लागि समय लगानी गर्नु आवश्यक छ । भनिएको छ कि हामी माथिमाथि जानु छ भने आफूलाई तलतल तान्ने तत्त्वहरूबाट जोगिनु जरुरी छ ।

दीर्घकालीनरूपमा सफलता प्राप्ति गर्न धेरै संखयामा फरक कार्य गर्ने नभई केही राम्रा काम धेरै समयसम्म गरेर प्राप्त हुन्छ भन्छन् 'कम्पाउण्ड इफेक्ट' नामक चर्चित पुस्तकका लेखक डारेन हार्डी । उनी सफल व्यवसायी पनि हुन् । उनले जीवनमा आफैंले भोगेका विषय र सक्सेस म्यागेजिनमा अन्तरवार्ताकारका रूपमा काम गर्दा धेरै विज्ञबाट उनले सिकेका सन्दर्भहरू पुस्तकमा उल्लेख गरेका छन् । गरेर देखाएका र हजारौं व्यावसायिक लिडर र सफल व्यक्तिसँग जोडिएका तथा मौखिक तथा लिखितरूपमा अरूलाई प्रेरणा दिने मामिलामा उनी एक चर्चित र ज्वलन्त अगुवा हुन् । त्यसो त भन्ने मात्र होइन गर्नेका कुरा अवलम्बन गर्नु बेस हुन्छ नै । सफलता प्राप्तिका लागि केही आधारभूत विषयहरू हामीले अवलम्बन गर्न सक्नुपर्दछ । ती आधारभूत पक्षको समग्र प्रभाव निस्कनका लागि भने हामीमा उपयुक्त खालको 'अपरेटिङ सिस्टम' अर्थात् सञ्चालन प्रणाली तुलनात्मक रूपमा लामो समयसम्म प्रयोगमा ल्याउनु जरुरी हुन्छ ।

साना उपलब्धिमा ठूलो सफलता लुकेको हुन्छ । जोन सी म्याक्सवेलले ठिकै भनेका छन्- जीवनमा साँच्चिकै परिवर्तन ल्याउने हो भने दिनहुँ केही परिवर्तन गर्न तयार रहनुपर्दछ । साना भए पनि सही छनोट गरिएका विषयहरूमा निरन्तरता दिन सकेमा निश्चित समयपश्चात् प्राप्त हुने भनेको ठूलो उपलब्धि नै हो । यदि कुनै दुईजना उस्तै उमेरका व्यक्तिमा फरक-फरक खालको 'डाइटेरी' संरचना उपलब्ध गराएर नतिजा मापन गर्न खोजियो भने पनि एक वर्ष अवधिसम्म पनि खासै अन्तर अनुभूत हुँदैन । सामान्य फरक २१ महिनामा र देखिनेगरी अन्तर २७ महिनामा देखिने अध्ययनले देखाएको छ । तर हामीहरू भने केही दिन वा महिनामै नतिजा खोज्छौं र प्राप्त नभएमा आफ्नो अभियान त्याग्दछौं ।

हामी कार्यरत रहेका संगठन वा समूहमा वा घरपरिवारमा बचत वृद्धि गर्ने वा खुसी वृद्धि गर्ने वा स्वास्थ्य सुधार गर्ने साना तर प्रभावकारी सिद्ध भएका उपायहरूका सम्बन्धमा छलफल गर्न सकिन्छ । प्रत्येक ठूला भनिने काम, प्रत्येक लामो भनिएको यात्रा पनि सानो पाइलाबाटै सुरु हुने हो । 'एटोमिक हेविट' नामक चर्चित पुस्तकका लेखक ब्रियान ट्रेसीले हरेक दिन एक प्रतिशतको दशांशमात्र पनि सुधार गर्दै गइयो भने १० वर्षमा एक हजार प्रतिशत सुधार हुने तर्क अघि सार्दै जीवनमा सानासाना सुधारको महत्त्व हुने विषयलाई गहकिलो पाराले उल्लेख गरेका छन् । सफलताको यो नियम जोसुकैलाई लागू हुन्छ । यदि नियम पालना गर्न सकियो र धैर्यपूर्वक आफ्नो मार्गमा लगनशीलतापूर्वक काम गरियो भने प्राप्त हुने सफलता लोभलाग्दो हुन पुग्दछ ।

### खराब बानीलाई कसरी हटाउने ?

जसरी बिरुवा जति ठूलो भयो त्यति जरा माटोभित्र धेरै तल पुग्ने र फैलने हुँदा उखेल्न गाह्रो हुन्छ । त्यसैगरी, गलत बानी हटाएर राम्रो बानी हुर्काउनका लागि पनि यही नियम लागू हुन्छ । भनिन्छ कि हामी अक्सर जे गर्दछौं, त्यही क्रियाकलापले नै हामीमा बानी विकास हुन जान्छ । हाम्रो प्रवृत्ति वरिपरिको परिवेशअनुसार नराम्रो बानी सजिलै विकसित हुने र यदि लामो समयसम्म त्यस्तो बानी जारी रह्यो भने हटाउन मुस्किल पर्ने हुन्छ । राम्रा बानीको विकास गरेर सोप्रति सदा सचेत रही निरन्तरता दिनु गलत बानी हटाउने उपाय हो । लेखक हार्डीका अनुसार खराब बानी त्याग्न वा बिर्सन र असल बानी विकास गर्न हामी तयार रहनुपर्दछ, अझ भनौं आँट गर्नुपर्दछ । कुनै पनि नयाँ कुरा विभिन्न माध्यमबाट सिकेजस्तै बिर्सने वा त्यसबाट आफूलाई टाढा राख्ने पनि तरिका वा उपाय हुन्छन् नै । शिक्षाशास्त्रमा लर्न, अनलर्न र रिलर्न भनेर नयाँ खालका कौशल सिकाइलाई महत्त्वका साथ हेर्ने गरिन्छ । एक अध्ययनका अनुसार कुनै असल बानीले पूर्णता पाउन कमसेकम ३०० वटा सकारात्मक पुनर्बल आवश्यक हुन्छ । यसबाट पनि के थाहा लाग्छ भने हामी आफूले विकास गर्न खोजेको असल बानीका लागि लगभग हरेक दिन सचेत रहन सकेमा मात्र एक वर्षको अवधिमा उक्त बानी हामीमा बस्न सक्छ नभए अझ लामो समय लाग्न पनि सक्छ ।

पछिल्ला वर्षहरूमा खासगरी सामाजिक सञ्जाल चलाउने लत बसेका कारणले 'स्क्रिन टाइम' बढेर जाने र जीवनका तमाम क्रियाकलापबीचको उपयुक्त सन्तुलन बिग्रने हुँदा हाम्रा मानवीय सम्बन्धहरूमा, कामको उत्पादकत्वमा, सिर्जनशील सोचमा, स्मरण क्षमतामा, गहिरो निद्रामा, आधिकारिकतामा, भौतिक र मानसिक स्वास्थ्यमासमेत गिरावट आएको छ । त्यतिमात्र नभई प्राथमिकता तय गर्ने र निर्णय गर्ने क्षमतामासमेत ह्रास देखापरेको छ । भित्रभित्रै हामीहरू मृत प्रायः भएका छौं उमंगित हुन सकिरहेका छैनौं । 'डिजिटल डिभाइस'मा रहने लगावलाई 'डिजिटल एडिक्सन' पनि भनिन्छ । प्रसिद्ध लेखिका क्याथरिन प्राइसका अनुसार यसखाले खराब लतबाट जोगिन मोबाइल प्रयोग कम गर्ने वा नगर्ने गरी मोबाइलमै सेटिङ गर्न सकिन्छ ।

त्यस्तै, घरका केही स्थानलाई मोबाइल फ्री जोन बनाउन सकिन्छ । कन्फेरेन्स रुममा मोबाइल प्रयोग नगर्ने नियम बनाउन सकिन्छ । यसको साथै कम्प्युटर वा मोबाइलको सट्टा पेपर वा डायरीमै नोट गर्न लगाउन सकिन्छ । साथसाथै समूहमा रहेर काम गर्ने र सुन्ने, सञ्चार गर्ने सीप र पृष्ठपोषणको लेनदेन गर्ने खालको वातावरण बनाउन सकिन्छ । खराब लत बसिसकेको अवस्थामा यो खालको कार्य वातावरणमा फर्कन भने थप मिहेनत आवश्यक पर्दछ नै ।

हाम्रो कार्यसम्पादनमा सुधार ल्याउन वास्तविक प्रतिस्पर्धी हामी आफैंसँग रहेको खराब बानी हो भनेर बुझ्न जरुरी छ । व्यक्ति 'कम्फर्ट जोन'मा रहिरहने वा त्यसको स्थानमा असल बानीको विकास गर्ने भन्ने विषयको निर्णय स्वयंबाटै हुन जरुरी छ । गलत बानी हटाउने पाँचवटा रणनीतिको कुरा गर्दा पहिलो काम भनेको के के अनुभूति वा संवेगले गलत बानी विकसित गर्न प्रेरित गरेको छ, पहिचान गर्नुपर्दछ । यसरी गलत बानीप्रतिको सचेतना बढाउनका लागि को, के, कहाँ र कहिले जस्ता प्रश्न स्वयंलाई सोधेर पनि मनन गर्न सकिन्छ । दोस्रो उपाय भनेको आफू अक्सर रहने घर वा अफिसमा गलत बानीसँग सम्बन्धित चीजवस्तु अर्थात् गलत लतलाई सम्झाउने चीजबीज हटाउनुपर्दछ । जस्तो पेयपदार्थको लत छ भने किन्न छाडिदिने, उपहार पनि नलिने र पेयपदार्थ पिउन प्रयोगमा आउने गिलासहरू पनि हटाउनु राम्रो हुन्छ । टेलिभिजन हेर्ने लत छ भने केबुल लाइनको सेवा हटाउनु उपयुक्त हुन्छ ।

तेस्रो उपाय भनेको कुनै उपयुक्त विकल्पबाट प्रतिस्थापन गर्नु राम्रो हुन्छ । जस्तो कोक पिउनुको सट्टा लेमन वाटर पिउने, जंक फुडको आदतको सट्टा गाजर, मुला खाने गर्नु राम्रो हुन्छ । चौथो भनेको लामो समय लगाएर विकसित बानीलाई क्रमिकरूपमा हटाउँदै जानु ठीक हुन्छ । जस्तैः कफी पिउन बन्द गर्नुपर्‍यो भने सुरुमा आधा कटौती गर्ने र बिस्तारै पूरै हटाउनु सहज हुन्छ । पाँचौं रणनीति भनेको कुनै-कुनै बानीको हकमा एकै झट्कामा लत हटाउनु उपयुक्त हुने अनुसन्धानबाट देखिएको छ । जस्तैः मुटुको रोगसम्बन्धी गम्भीर समस्या देखिएका बिमारीलाई चिल्लो खाना दिन तत्काल रोक्ने र उसिनेको सामान्य भेजेटेरियन खाना दिने तथा विज्ञको उपस्थितिमा नियमित सेसन सञ्चालन गरियो भने १५ दिनमै समस्या हट्दै जान सक्छ ।

### असल बानी विकसित गर्न के गर्ने त ?

जीवनमा सफलता प्राप्त गर्नका लागि निर्धारण गरिएका उद्देश्यहरू प्राप्तिमा बाधकका रूपमा रहेका कम से कम तीनवटा आनीबानी पहिचान गर्ने र आफूले विकसित गर्न खोजेका तीनवटा आनीबानी पत्ता लगाउने काम नै सुधारको सुरुआत हुनसक्छ । डारेन हार्डीले कम्पाउन्ड इफेक्ट पुस्तकमा उल्लेख गरेअनुसार असल बानी विकास गर्नका लागि छवटा सरल तरिका अवलम्बन गर्न सकिन्छ । पहिलो भनेको सफलताका लागि मिहेनत गर्न तयार रहनु हो । के खाने, स्वास्थ्य कस्तो राख्ने र के कस्ता विचलनबाट कसरी जोगिने भन्ने विषय यसमै पर्दछन् । दोस्रो विषय भनेको कुनै राम्रो कुरामा लत लगाउनु हो । के चाहिँ खान्न भन्नुभन्दा पनि अब आउने दिनमा के चाहिँ खाने भन्ने छनोट गर्नु र व्यवहारमा उतार्नु महत्त्वपूर्ण हुन्छ ।

अक्सर गरिने संगत र जाने स्थानमासमेत यो लागू हुन्छ नै । तेस्रो भनेको आफूले सुधारेको बानी वा कायम राखेको असल बानी वा चरित्रका सम्बन्धमा सार्वजनिकरूपमै जवाफदेहिता प्रदर्शन गर्नु । यो विषय धूमपान वा मद्यपान छोड्न वा सामाजिक सञ्जालमा धेरै समय नदिनका लागि पनि लागू हुन सक्छ । चौथो भनेको प्रतिस्पर्धाका साथमा साथित्वभाव र रमाइलोपन पनि आवश्यक पर्दछ । उत्कृष्ट कार्यसम्पादन गर्ने क्षमता राख्ने साथी भेटियो भने उसबाटसमेत आफूलाई केही राम्रो गरौं भन्ने ऊर्जा प्राप्त हुन्छ । छैटौंचाहिँ कुनै राम्रो उपलब्धिपश्चात् आफैंलाई दिइने पुरस्कार वा मनाइने उत्सव हो । यसमा कार्यक्षेत्रबाट बाहिर घुम्न जाने, मनोरञ्जन गर्नेजस्ता विषय पर्दछन् ।

आफूलाई मार्गदर्शक बन्ने सल्लाहकारहरूको समूह बनाएर उनीहरूबाट समय-समयमा आइडिया लिन सकिन्छ । त्यसरी मार्गदर्शक वा गुरुको चयन गर्दा विषयविज्ञता, सिर्जनशीलता र श्रद्धा वा सम्मान जाग्ने खालको व्यक्तिको छनोट हुन सके झनै राम्रो मानिन्छ । जिन्दगी लामो वा छोटो होला तर यसलाई अर्थपूर्ण बनाउने मुख्य जिम्मेवारी भने स्वयंमै भर पर्ने विषय भने बिर्सनु हुँदैन । इमान्दारीपूर्वक गरिने मिहेनत र उद्देश्य प्राप्तिका लागि असल बानीको निरन्तरता नै सफलता प्राप्तिको सही मार्ग हो । *रासस*

# उत्तर कोरियाली तस्करीले निम्त्याएको त्रासदी र चीनको जिम्मेवारी

▶▶ **कोङ योङ**

गत फेब्रुअरीको अन्त्यमा, स्वचालित पहिचान प्रणाली (एआइएस) बन्द भएको उत्तर कोरियाली कार्गो जहाज दक्षिणपूर्वी चीनको पानीमा चिनियाँ जहाजसँग ठोक्किएपछि डुब्यो । यस घटनाको परिणामस्वरूप लगभग १५ देखि २० उत्तर कोरियाली नाविकहरूको मृत्यु भयो । यद्यपि, चीन र उत्तर कोरिया दुवैले दुर्घटनाको बारेमा कुनै पनि आधिकारिक टिप्पणी गर्नबाट जोगिएका छन् । पहेँलो सागरमा उत्तर कोरियाली कार्गो जहाज र चिनियाँ जहाजबीचको टक्कर केवल समुद्री घटनामात्र होइन; यसले अन्तर्राष्ट्रिय प्रतिबन्धहरूलाई कमजोर पार्न खोज्ने उत्तर कोरिया र मौनरूपमा उत्तर कोरियाली तस्करीलाई समर्थन गर्ने र प्रभावकारीरूपमा प्रोत्साहन गर्ने चीनबीचको अनैतिक सहजीवन सम्बन्धलाई स्पष्ट रूपमा चित्रण गर्दछ ।

यो कुनै पृथक घटना थिएन । प्रतिबन्धहरूबाट बच्नका लागि गरिएको यसको जारी खतरनाक तस्करी कार्यहरूमा उत्तर कोरियाको कार्यहरूले धेरै मानवीय क्षति निम्त्याएको छ । यी अपरेसनहरूको मात्रा र वास्तविक अवस्था यति भयानक छ कि अन्तर्राष्ट्रिय समुदायलाई पूर्णरूपमा पत्ता लगाउन गाह्रो छ । यो हालैको घटना हिमशिलाको टुप्पोमात्र हो । चीन र उत्तर कोरियाको मौनता केवल घटनालाई ढाकछोप गर्ने बारेमा मात्र होइन; विश्लेषणले सुझाव दिन्छ कि यो मौन टक्कर र कोइला तस्करबीचको प्रत्यक्ष सम्बन्धको कारण हो, जसले उत्तर कोरियाविरुद्ध संयुक्त राष्ट्र सुरक्षा परिषद् (युएनएससी) प्रतिबन्धहरूको उल्लंघन गर्दछ ।

उत्तर कोरियाको प्रतिबन्ध र खतरनाक नेभिगेसन अभ्यासहरूको बेवास्ता

उत्तर कोरियाली शासनले शासन कायम राख्न विदेशी मुद्रा सुरक्षित गर्न प्राथमिकता दिन्छ, किम जोङ उनको शासन कायम राख्न अवैध तस्करीलाई एक महत्त्वपूर्ण तत्त्व बनाउँछ । यो तस्करी व्यवस्थित तरिकाले सञ्चालन गरिन्छ । यी तस्करी कार्यहरूमा कोइला एक प्राथमिक वस्तु हो । युएनएससी प्रस्ताव २३७१, जसले उत्तर कोरियाली कोइलाको निर्यातमा पूर्ण प्रतिबन्ध लगाएको भएता पनि उत्तर कोरियाले जहाजहरूमा एआइएस प्रणालीहरू असक्षम पारेर चीनजस्ता देशहरूसँग अवैध जहाजदेखि जहाज स्थानान्तरणमार्फत आफ्नो कोइला तस्करी गर्ने कार्य जारी राखेको छ ।

हालैको घटना भएको पहेँलो सागर, उत्तर कोरियाली मालवाहकहरूले कोइला तस्करीका लागि बारम्बार प्रयोग गर्ने प्रमुख समुद्रीमार्ग हो । घटनाको समयमा उत्तर कोरियाली जहाज बाक्लो कुहिरोबाट नेभिगेट गरिरहेको थियो र यसको एआइएस असक्षम पारिएको थियो । जब यो चिनियाँ जहाजसँग ठोक्कियो, यो घटनाले उत्तर कोरियाले सुरक्षा नियमहरूको बेवास्ता गरेको झल्काउँछ । किनकि यसले प्रतिबन्ध अनुगमनबाट बच्न प्रयास गर्दछ, लापरवाहीपूर्वक नेभिगेसनको साथ अगाडि बढाउँछ । उत्तर कोरियाली तस्करी केवल जीविकोपार्जनको बारेमा मात्र होइन भन्ने तथ्यलाई पनि हाइलाइट गर्नुपर्छ; यो शासनलाई टिकाउनका लागि लक्षित एक अवैध गतिविधि हो ।

किम जोङ उनले पार्टी, सेना र सरकारी निकायहरूलाई निरन्तर 'कार्यहरू' गर्न बाध्य पार्छन् जसमा ठूलो मात्रामा विदेशी मुद्रा योगदान र निर्माण परियोजनाहरू समावेश छन्, जसको पालना नगरेकोमा दण्ड र मृत्युदण्डसहित कडा दण्डहरू छन् । यस ढाँचाभित्र, उत्तर कोरियाली अधिकारीहरू ठूलो जोखिममा पनि तस्करीमा संलग्न हुन बाध्य छन् । यो घटना त्यस्ता अभ्यासहरूको परिणामस्वरूप भएको हो, र दर्जनौं ज्यान गुमाउनुको बावजुद उत्तर कोरियाली अधिकारीहरूले यी 'कार्यहरू' पूरा गर्ने प्रयासको भागको रूपमा तस्करी जारी राख्ने सम्भावना छ ।

चीनको स्वीकारोक्ति र जिम्मेवारीबाट पन्छिने घटनाप्रति चीनको दृष्टिकोणलाई गम्भीर मुद्दाको रूपमा औंल्याइएको छ । चिनियाँ विदेश मन्त्रालयले घटनालाई 'मानवीय सिद्धान्तहरूअनुसार' सम्हालिएको भन्दै स्वीकार गरेको छ, तर जानाजानी तस्करीको कुनै पनि उल्लेखलाई बेवास्ता गरेको छ । यसले संकेत गर्छ कि चीन उत्तर कोरियासँगको अवैध व्यापारमा कारबाही गर्न असफलमात्र भएको छैन तर वास्तवमा यसलाई सहजीकरण गरिरहेको छ ।

चीनले उत्तरमा आफ्नो प्रभाव कायम राख्न र शासन व्यवस्थापन गर्न सरकारीस्तरमा उत्तर कोरियासँगको व्यापारमा लामो समयदेखि कडा नियन्त्रण कायम राखेको छ । कडा अन्तर्राष्ट्रिय प्रतिबन्धहरू लगाइएपछि पनि प्रतिबन्धहरूको कारण किम जोङ उन शासनको अचानक पतन रोक्न र उत्तर कोरियामा चिनियाँ लगानीकर्ताहरूलाई सुरक्षा दिन चीनले मौनरूपमा उत्तर कोरियासँगको अवैध व्यापारलाई अनुमति दिएको छ वा निहीतरूपमा समर्थन गरेको छ ।

उत्तर कोरियाविरुद्ध प्रतिबन्धहरू कडाइका साथ लागू गर्ने जिम्मेवारीसहित संयुक्त राष्ट्र सुरक्षा परिषद्को स्थायी सदस्य भए पनि उत्तर कोरियाली कोइलाको तस्करीमा कारबाही गर्न चीनको असफलताले अन्तर्राष्ट्रिय समुदायभित्र गम्भीर चिन्ताहरू खडा गर्छ । विशेषगरी पहेँलो सागर तस्करीको प्रमुख मार्ग भएकोले यदि चिनियाँ सरकारले यस मुद्दामा आँखा चिम्लेर बस्यो भने उत्तर कोरियाको अवैध गतिविधिहरू निरन्तर रहने सम्भावना धेरै छ ।

*(लेखक उत्तर कोरियाली कूटनीतिज्ञ डिफेक्टर हुन्)*

# छ महिनादेखि तलबविहीन बने खाँडाचक्रका शिक्षक

**कालीकोट (प्रस)–** कालीकोटको खाँडाचक्र नगरपालिकाका शिक्षक कर्मचारीहरूले छ महिनादेखि तलब पाएका छैनन् । नगरपालिकाभित्रका ३९ सामुदायिक विद्यालयका शिक्षक कर्मचारीले तलब नपाएका हुन् ।

चुलिमालिका मावि घोडेनाका प्रधानाध्यापक दीपबहादुर शाहीले छ महिनादेखि तलब सुविधा नपाएको बताए । 'तलब नपाएका कारणले बाध्य भएर ज्ञापनपत्र बुझाएका छौं,' उनले भने, 'असोजदेखि तलब भत्ताका नाममा एक पैसा पाउन सकेका छैनौं ।'

तलब नपाउँदा आफ्नो दैनिक जनजीवन नै प्रभावित हुने गरेको शिक्षक पवित्राकुमारी शाहीले बताइन् । 'संसारमा काम गरेको घण्टाको हिसाबले तलब पाउँछन्,' उनले भनिन्, 'हामीले भने काम गरेको तलब पाउन पनि छ महिना कुर्नुपर्छ ।' शिक्षकहरूको हकमा भने पहिला-पहिला चार/चार महिनामा र अचेल तीन/तीन महिनामा तलब दिने गरिएकामा पनि नगरपालिकाले दोस्रो त्रैमासिक र तेस्रो त्रैमासिकको तलबभत्ता नदिएको शिक्षकहरूको भनाइ छ ।

नगरपालिकामा पहिल्यैदेखि प्रमुख प्रशासकीय अधिकृत नहुँदा र नयाँ लेखापाल तालिममा गएका कारण नगरपालिकाको आर्थिक गतिविधि ठप्प रहेको नगरप्रमुख कमलबहादुर शाहीले बताए । उनले शिक्षकको हकमा आफू पनि चिन्तित रहेको जनाउँदै शिक्षकको तलबभत्ता छिटो हाल्न कर्मचारीलाई निर्देशन दिइसकेको बताए । शिक्षकहरूको दोस्रो त्रैमासिक र तेस्रो त्रैमासिकको निकासा दिनका लागि आफूले लेखा शाखामा फाइल पुऱ्याएको तर भुक्तानी नगरेको शिक्षा शाखा प्रमुख बलराज शाहीले बताए ।

# मुना–जलजला–ढोरपाटन सडकको 'ट्र्याक' खुल्दै

**म्याग्दी–** मध्यपहाडी लोकमार्गको बागलुङ खण्डको विकल्प मानिएको बेनी-दरवाङ-मुना-जलजला-ढोरपाटन सडकको ट्र्याक खुल्ने चरणमा पुगेको छ । चालु आवमा संघीय सरकारले विनियोजन गरेको पाँच करोड रूपैयाँ बजेटबाट सडक डिभिजन कार्यालयले म्याग्दीको धौलागिरि गाउँपालिका-२ मरेनीदेखि ढोरपाटन जोड्ने सडकको ट्र्याक खुल्न लागेको हो । हालसम्म तीन किलोमिटर 'ट्र्याक' खुलेको र थप पाँच किलोमिटर खोलेपछि यो बाटो ढोरपाटनसँग जोडिने धौलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले जानकारी दिए । सडक डिभिजन कार्यालयले एक करोड रूपैयाँको लागतमा मुना-खोरीया-मरेनी खण्डमा स्तरोन्नति जारी राखेको छ ।

बेनीबाट मुना-खोरीया-मरेनी हुँदै करिब ५६ किलोमिटर ट्र्याक खुलिसकेको र ढोरपाटनबाट जलजलासम्म पनि १० किलोमिटर कच्ची सडक बनेको धौलागिरि गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले बताए । 'बेनीबाट दरवाङ-मुना-जलजला-ढोरपाटन हुँदै पूर्वीरुकुमको टकसेरा जोड्ने सडकको ट्र्याक खुलेपछि मध्यपहाडी लोकमार्गको बागलुङ खण्डभन्दा ७० किलोमिटर दूरी छोटिन्छ,' उनले भने, 'पूर्वीरुकुमको टकसेराबाट ढोरपाटनको निसिलढोरसम्म आठ किलोमिटर सडकले जोडिन बाँकी छ ।'

म्याग्दीको धौलागिरि गाउँपालिका-२ खोरियामा पाँच वर्षअघि पुगेको सडकलाई ढोरपाटनसँग जोड्न १९ किलोमिटरको विस्तृत परियोजना प्रतिवेदन बनाएर गाउँपालिकाले संघीय सरकारसँग योजना तथा बजेटको प्रस्ताव गरेको थियो । बेनी-तातोपानी-बाबियाचौर-तोलावाङसम्म २० किलोमिटर सडक प्रदेश सरकारको लगानीमा कालोपत्र भएको छ । *रासस*

# एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

**(प्रकाशित मितिः २०८१/१२/२२ को प्रभाव राष्ट्रिय दैनिक)**

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ । कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**तपसिल**

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र धितो लेखिदिएको सम्पत्तिको विवरण**

**१. ऋणीको नामः किसना हार्डवयर एण्ड सप्लायर्स** **कर्जा शिर्षकः** क्यास केडिट
(नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग भीमदत्तनगर, कञ्चनपुरमा दर्ता रहेको), दर्ता नं.: ३८९/०७२/०७३, दर्ता मितिः २०७२/१०/०६, स्थायी लेखा नं.: ६०४१२००५४, ठेगानाः कञ्चनपुर जिल्ला, भीमदत्त न.पा. वडा नं. ४ ।

**प्रोप्राईटरः**
**प्रेम बहादुर तिरूवाः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ५७७९९९०५३ (२०४९/०३/२४/कञ्चनपुर), बाजेको नामः रोजे तिरूवा, बाबुको नामः किसन तिरूवा, कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, भीमदत्त न.पा. वडा नं. ६ ।

**व्यक्तिगत जमानतकर्ताहरूः**
**क. नरेश तिरुवाः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ५७८००८०८ (२०५७/०६/१०/कञ्चनपुर), बाजेको नामः रोजे तिरुवा, बाबुको नामः किसन तिरूवा, ठेगानाः कञ्चनपुर जिल्ला, म.न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, भीमदत्त न.पा. वडा नं. ६ ।
**ख. पार्वती देवी तिरुवाः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १६५८३४ (२०६२/०१/१६/कञ्चनपुर), बाबुको नामः अमर सिंह पार्की, ससुराको नामः किसन तिरुवा, पतिको नामः प्रेम बहादुर तिरुवा, ठेगानाः कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, भीमदत्त न.पा. वडा नं. ६ ।

**धितो लेखिदिएको सम्पत्तिको विवरणः**
रोजे तिरूवाको नाति, किसन तिरूवाको छोरा, कञ्चनपुर जिल्ला, भीमदत्त न.पा. वडा नं. ६ बस्ने **प्रेम बहादुर तिरूवा**को नाममा मालपोत कार्यालय कञ्चनपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा. वडा नं. ६ स्थित कि.नं. ७८३२ को क्षेत्रफल १,९३४.८० ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत ।

**२. ऋणीको नामः एभरेष्ट होजीयारी उद्योग** **कर्जा शिर्षकः** ओभरड्राफ्ट सुविधा र चालुपुजी आवधिक कर्जा
(प्रदेश सरकार, बागमती प्रदेश, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, त्रिपुरेश्वर काठमाण्डौंमा दर्ता रहेको), दर्ता नं.: ८९७, दर्ता मितिः २०७६/११/१५, स्थायी लेखा नं.: ६१३१४४५२८, ठेगानाः काठमाण्डौं जिल्ला, बुढानिलकण्ठ न.पा., वडा नं. १० ।

**प्रोप्राईटरः**
**करूणा बस्नेतः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १११०१७/८ (२०६३/१२/२५/सोलुखुम्बु), बाबुको नामः दिल बहादुर ढुंगेल, ससुराको नामः खम्वध्वज बस्नेत, पतिको नामः शिव बहादुर बस्नेत, ठेगानाः सोलुखुम्बु जिल्ला, गोली गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं. १, कपन ।

**व्यक्तिगत जमानतकर्ताहरूः**
**क. छत्र बहादुर बस्नेतः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १२१८२/१३४ (२०५७/०२/०४/सोलुखुम्बु), बाजेको नामः जित बहादुर बस्नेत, बाबुको नामः खम्वध्वज बस्नेत, ठेगानाः सोलुखुम्बु जिल्ला, गोली गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं. १, कपन ।
**ख. शिव बहादुर बस्नेतः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ९९०९/२६३ (२०६३/०९/१६/सोलुखुम्बु), बाजेको नामः जित बहादुर बस्नेत, बाबुको नामः खम्वध्वज बस्नेत, ठेगानाः सोलुखुम्बु जिल्ला, गोली गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं. १, कपन ।
**ग. सर्बदा बस्नेत (ढुंगेल):** ना.प्र.प.नं. (जारी मिति/स्थान): ११-०१-६९-००६६३ (२०६९/०३/१७/सोलुखुम्बु), बाबुको नामः दिल बहादुर ढुंगेल, ससुराको नामः खम्वध्वज बस्नेत, पतिको नामः छत्र बहादुर बस्नेत, ठेगानाः सोलुखुम्बु जिल्ला, गोली गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं. १, कपन ।

**३. संयुक्त ऋणीको नामः** **कर्जा शिर्षकः** आवास कर्जा
**करूणा बस्नेतः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १११०१७/८ (२०६३/१२/२५/सोलुखुम्बु), बाबुको नामः दिल बहादुर ढुंगेल, ससुराको नामः खम्वध्वज बस्नेत, पतिको नामः शिव बहादुर बस्नेत, ठेगानाः सोलुखुम्बु जिल्ला, गोली गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं. १, कपन ।
**सर्बदा बस्नेत (ढुंगेल):** ना.प्र.प.नं. (जारी मिति/स्थान): ११-०१-६९-००६६३ (२०६९/०३/१७/सोलुखुम्बु), बाबुको नामः दिल बहादुर ढुंगेल, ससुराको नामः खम्वध्वज बस्नेत, पतिको नामः छत्र बहादुर बस्नेत, ठेगानाः सोलुखुम्बु जिल्ला, गोली गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं. १, कपन ।

**व्यक्तिगत जमानतकर्ताहरूः**
**क. छत्र बहादुर बस्नेतः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १२१८२/१३४ (२०५७/०२/०४/सोलुखुम्बु), बाजेको नामः जित बहादुर बस्नेत, बाबुको नामः खम्वध्वज बस्नेत, ठेगानाः सोलुखुम्बु जिल्ला, गोली गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं. १, कपन ।
**ख. शिव बहादुर बस्नेतः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ९९०९/२६३ (२०६३/०९/१६/सोलुखुम्बु), बाजेको नामः जित बहादुर बस्नेत, बाबुको नामः खम्वध्वज बस्नेत, ठेगानाः सोलुखुम्बु जिल्ला, गोली गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं. १, कपन ।

**माथि उल्लेखित दुईनै ऋणीहरुको लागि धितो लेखिदिएको सम्पत्तिको विवरणः**
दिल बहादुर ढुंगेलको छोरी, खम्वध्वज बस्नेतको बुहारी, शिव बहादुर बस्नेतको पत्नी, सोलुखुम्बु जिल्ला, गोली गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं. १, कपन बस्ने **करूणा बस्नेत.....१** र दिल बहादुर ढुंगेलको छोरी, खम्वध्वज बस्नेतको बुहारी, छत्र बहादुर बस्नेतको पत्नी, सोलुखुम्बु जिल्ला, गोली गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं. १, कपन बस्ने **सर्बदा बस्नेत (ढुंगेल).....१** समेत दुई जनाको संयुक्त नाममा मालपोत कार्यालय चाबहिल, काठमाण्डौंको लगतमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौं जिल्ला, कपन गा.वि.स./न.पा., वडा नं. १ स्थित कि.नं. ५३३ को क्षेत्रफल १२२.३३ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत ।

**४. ऋणीको नामः लुभु रियल इस्टेट प्रा.लि.** **कर्जा शिर्षकः** सवारी साधन कर्जा
(नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा, दर्ता रहेको), दर्ता नं.: १६०९६३/०७३/०७४, दर्ता मितिः २०७३/०९/१४, स्थायी लेखा नं.: ६०४३७६३९४, ठेगानाः ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ५, पानीट्याङ्की ।

**शेयरधनी तथा व्यक्तिगत जमानतकर्ताः**
**गजेन्द्र बहादुर अधिकारीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २०११/८३/२३८७१/८१३ (२०४६/०३/१९/ललितपुर), बाजेको नामः टेक बहादुर अधिकारी, बाबुको नामः छत्र बहादुर अधिकारी, ठेगानाः ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ८ ।

**व्यक्तिगत जमानतकर्ताः**
**शोभा अधिकारीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २७ ११२४०/२२४६७ (२०६०/०८/१३/काठमाण्डौं), बाबुको नामः दल बहादुर थापा, ससुराको नामः छत्र बहादुर अधिकारी, पतिको नामः गजेन्द्र बहादुर अधिकारी, ठेगानाः काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ८ ।

**धितो लेखिदिएको सम्पत्तिको विवरणः**
धनी एनएमबि बैंक लि. / ऋणी **लुभु रियल इस्टेट प्रा.लि.** को नाममा बाग्मती प्रदेश यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः

**सवारीसाधनको विवरणः**
कम्पनीः टाटा मोटर्स भारत, किसिमः निजी कार, मोडलः TATA NEXON XM(S), बनेको सालः २०२१, सवारी दर्ता नं.: बागमती प्रदेश ०१ ०२५ च - ९३२८, च्यासिस नं.: MAT६२७२४३MLC२१३५८, इन्जिन नं.: REVTRN११CYXK२९४४३

**५. ऋणीको नामः कैलाली रेष्टुरेन्ट एण्ड लज** **कर्जा शिर्षकः** आवधिक कर्जा
(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, धनगढी, कैलालीमा दर्ता रहेको), दर्ता नं.: ९०३६, दर्ता मितिः २०७३/०६/१४, स्थायी लेखा नं.: ६०१७०६८१७, ठेगानाः कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा नं. ६ हाल परिवर्तित ठेगाना कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा नं. १ ।

**प्रोप्राईटरः**
**हिमलाल पराजुलीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १३२९३ (२०५३/०८/१८/कैलाली), बाजेको नामः भागीरथ पराजुली, बाबुको नामः कुल प्रसाद पराजुली, ठेगानाः कैलाली जिल्ला, मसुरिया गा.वि.स वडा नं. ९ स्थायी ठेगाना भइ हाल कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा नं. १ ।

**व्यक्तिगत जमानतकर्ताः**
**मन्जु देवी पराजुलीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ४८१११ (२०५८/१२/०१/कैलाली), बाबुको नामः पूर्णभद्र ढकाल, ससुराको नामः कुल प्रसाद पराजुली, पतिको नामः हिमलाल पराजुली, ठेगानाः कैलाली जिल्ला, दरख गा.वि.स वडा नं. ५ स्थायी ठेगाना भइ हाल कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा नं. १ ।

**धितो लेखिदिएको सम्पत्तिको विवरणः**
पूर्णभद्र ढकालको छोरी, कुल प्रसाद पराजुलीको बुहारी, हिमलाल पराजुलीको पत्नी, कैलाली जिल्ला, दरख गा.वि.स वडा नं. ५ स्थायी ठेगाना भइ हाल कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा नं. १ बस्ने **मन्जु देवी पराजुली**को नाममा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता श्रेष्ता कायम रहेको कैलाली जिल्ला, दरख गा.वि.स./न.पा. वडा नं. ७/ग स्थित कि.नं. ९५८ को क्षेत्रफल ०-०-७-२ विघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत ।

**६. ऋणीको नामः हिमलाल पराजुली** **कर्जा शिर्षकः** व्यक्तिगत ओभरड्राफ्ट
ना.प्र.प.नं. (जारी मिति/स्थान): १३२९३ (२०५३/०८/१८/कैलाली), बाजेको नामः भागीरथ पराजुली, बाबुको नामः कुल प्रसाद पराजुली, ठेगानाः कैलाली जिल्ला, मसुरिया गा.वि.स वडा नं. ९ स्थायी ठेगाना भइ हाल कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा नं. १ ।

**व्यक्तिगत जमानतकर्ताः**
**मन्जु देवी पराजुलीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ४८१११ (२०५८/१२/०१/कैलाली), बाबुको नामः पूर्णभद्र ढकाल, ससुराको नामः कुल प्रसाद पराजुली, पतिको नामः हिमलाल पराजुली, ठेगानाः कैलाली जिल्ला, दरख गा.वि.स वडा नं. ५ स्थायी ठेगाना भइ हाल कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा नं. १ ।

**धितो लेखिदिएको सम्पत्तिको विवरणः**
भागीरथ पराजुलीको नाती, कुल प्रसाद पराजुलीको छोरा, कैलाली जिल्ला, मसुरिया गा.वि.स वडा नं. ९ स्थायी ठेगाना भइ हाल कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा नं. १ बस्ने **हिमलाल पराजुली**को नाममा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता श्रेष्ता कायम रहेको कैलाली जिल्ला, दरख गा.वि.स./न.पा. वडा नं. ७/ग स्थित कि.नं. ८७९ को क्षेत्रफल ०-०-७१/२ विघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत ।

**७. ऋणीको नामः वैयाकरण एग्रो कम्पनि प्रा. लि.** **कर्जा शिर्षकः** आवधिक कर्जा
(नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको), दर्ता नं.: २२६२९५/०७६/०७७, दर्ता मितिः २०७६/०६/१४, स्थायी लेखा नं.: ६०९६४०४६५, ठेगानाः काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं. २९ ।

**सञ्चालक तथा व्यक्तिगत जमानतकर्ताहरुः**
**क. एकमणि नेपालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १८७८/०३२/३३/३६६८३ (२०३२/०६/०६/काठमाडौं), बाजेको नामः बैयाकरण नेपाल, बाबुको नामः भानुभक्त नेपाल, ठेगानाः काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं. ३ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं. २९, डिल्लीबजार ।
**ख. रत्न मणि नेपालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १४४५ (२०३४/१२/२७/भोजपुर), बाजेको नामः बैयाकरण नेपाल, बाबुको नामः भानुभक्त नेपाल, ठेगानाः भोजपुर जिल्ला, सिक्तेल कोट गा.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं. ३ ।
**ग. कमल मणी नेपालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २८७४९ (२०५३/०७/२१/मोरङ), बाजेको नामः भानुभक्त नेपाल, बाबुको नामः लक्ष्मीमणि नेपाल, ठेगानाः मोरङ जिल्ला, बाहुनी गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं. २९, डिल्लीबजार ।
**घ. सुर्य मणि नेपालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ४३० (२०३२/०८/२६/मोरङ), बाजेको नामः बैयाकरण नेपाल, बाबुको नामः भानुभक्त नेपाल, ठेगानाः मोरङ जिल्ला, बाहुनी गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, सूर्यविनायक न.पा., वडा नं. ३ ।
**ङ. सन्तोषमणि नेपालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ४८८/३३८९२ (२०३७/०८/२८/काठमाडौं), बाजेको नामः भानुभक्त नेपाल, बाबुको नामः ज्ञानमणि नेपाल, ठेगानाः भोजपुर जिल्ला, कोट गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा., वडा नं. ३ ।
**च. टंकमणि नेपालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ११७६/०३७ (२०२७/०२/०१/काठमाण्डौं), बाजेको नामः बैयाकरण नेपाल, बाबुको नामः भानुभक्त नेपाल, ठेगानाः भोजपुर जिल्ला, कोट गा.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं. ३ ।
**छ. भोज कुमारी अर्यालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १०५०७ (२०३५/१०/२६/सुनसरी), बाजेको नामः बैयाकरण नेपाल, बाबुको नामः भानुभक्त नेपाल, ठेगानाः काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं. ३ ।

**धितो लेखिदिएको सम्पत्तिहरुको विवरणः**
बैयाकरण नेपालको नाती, भानुभक्त नेपालको छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं. ३ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं. २९, डिल्लीबजार बस्ने **एकमणि नेपाल**को नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला, बाहुनी गा.वि.स./न.पा., वडा नं. ६/क स्थित कि.नं. २७८ र २७९ को क्षेत्रफल क्रमशः ०-१०-११-० र २-८-०-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत ।

**८. ऋणीको नामः देवका कुमारी दमै** **कर्जा शिर्षकः** आवधिक कर्जा, सम्पत्ती धितो कर्जा र एनएमबि सापटि कर्जा
ना.प्र.प.नं. (जारी मिति/स्थान): ४९७५ (२०४५/०१/०५/स्याङ्जा), बाबुको नामः भीम बहादुर दमै, ससुराको नामः झहरे दमै, पतिको नामः सन्त बहादुर दमै, ठेगानाः स्याङजा जिल्ला, वालिङ गा.वि.स वडा नं. ८ स्थायी ठेगाना भई हाल स्याङजा जिल्ला, वालिङ न.पा. वडा नं. १ ।

**व्यक्तिगत जमानतकर्ताः**
**सीमा परियारः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ४२२०३६/३७३०७ (२०६६/०४/०६/स्याङ्जा), बाजेको नामः झहरे दमै, बाबुको नामः सन्त बहादुर दमै, ठेगानाः स्याङ्गजा जिल्ला, छाङछाङदी गा.वि.स वडा नं. १ स्थायी ठेगाना भइ हाल स्याङजा जिल्ला, वालिङ न.पा. वडा नं. १ ।

**धितो लेखिदिएको सम्पत्तिको विवरणः**
भीम बहादुर दमैको छोरी, झहरे दमैको बुहारी, सन्त बहादुर दमैको पत्नी, स्याङजा जिल्ला, वालिङ गा.वि.स वडा नं. ८ स्थायी ठेगाना भई हाल स्याङजा जिल्ला, वालिङ न.पा. वडा नं. १ बस्ने **देवका कुमारी दमै**को नाममा मालपोत कार्यालय वालिङ्ग, स्याङ्जाको लगतमा दर्ता श्रेष्ता कायम रहेको स्याङ्जा जिल्ला, वराह कालिका गा.वि.स./न.पा. वडा नं. ३ स्थित कि.नं. २२७९ को क्षेत्रफल ०-५-१-० रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**९. ऋणीको नामः अटायर ट्रेड लिंक** **कर्जा शिर्षकः** क्यास क्रेडिट
(नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा दर्ता रहेको), दर्ता नं.: ३-३५-३८२-१५६९१३/२०७७/७८, दर्ता मितिः २०७७/०९/०१, स्थायी लेखा नं.: ६१४६४७२६८, ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ३१, नयाँ बानेश्वर ।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः**
**कृतिका खड्काः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३०-०१-७५-०२०३७ (२०७५/०२/२४/काभ्रेपलाञ्चोक), बाजेको नामः चक्र बहादुर खड्का, बाबुको नामः केदार खड्का, ठेगानाः काभ्रेपलाञ्चोक जिल्ला, बेथानचोक गा.पा., वडा नं. ४ ।

**व्यक्तिगत जमानतकर्ताहरूः**
**क. रसिला थापा खड्काः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३०-०१-७६-०५०३५ (२०७६/०४/३१/काभ्रेपलाञ्चोक), बाबुको नामः रण बहादुर थापा, ससुराको नामः चक्र बहादुर खड्का, पतिको नामः केदार खड्का, ठेगानाः काभ्रेपलाञ्चोक जिल्ला, बेथानचोक गा.पा., वडा नं. ४ ।
**ख. केदार खड्काः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २४१५/८७५ (२०४५/०२/२८/काभ्रेपलाञ्चोक), बाजेको नामः देव बहादुर खड्का, बाबुको नामः चक्र बहादुर खड्का, ठेगानाः काभ्रेपलाञ्चोक जिल्ला, चलाल गणेशस्थान गा.वि.स. वडा नं. ६ परिवर्तित काभ्रेपलाञ्चोक जिल्ला, बेथानचोक गा.पा., वडा नं. ४ ।

**१०. ऋणीको नामः रसिला थापा खड्का** **कर्जा शिर्षकः** आवास कर्जा
ना.प्र.प.नं. (जारी मिति/स्थान): ३०-०१-७६-०५०३५ (२०७६/०४/३१/काभ्रेपलाञ्चोक), बाबुको नामः रण बहादुर थापा, ससुराको नामः चक्र बहादुर खड्का, पतिको नामः केदार खड्का, ठेगानाः काभ्रेपलाञ्चोक जिल्ला, बेथानचोक गा.पा., वडा नं. ४ ।

**व्यक्तिगत जमानतकर्ताहरूः**
**क. कृतिका खड्काः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३०-०१-७५-०२०३७ (२०७५/०२/२४/काभ्रेपलाञ्चोक), बाजेको नामः चक्र बहादुर खड्का, बाबुको नामः केदार खड्का, ठेगानाः काभ्रेपलाञ्चोक जिल्ला, बेथानचोक गा.पा., वडा नं. ४ ।
**ख. केदार खड्काः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २४१५/८७५ (२०४५/०२/२८/काभ्रेपलाञ्चोक), बाजेको नामः देव बहादुर खड्का, बाबुको नामः चक्र बहादुर खड्का, ठेगानाः काभ्रेपलाञ्चोक जिल्ला, चलाल गणेशस्थान गा.वि.स. वडा नं. ६ परिवर्तित काभ्रेपलाञ्चोक जिल्ला, बेथानचोक गा.पा., वडा नं. ४ ।
**ग. कृष्टिना खड्काः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३०३०५०/७९ (२०७०/०२/२३/काभ्रेपलाञ्चोक), बाजेको नामः चक्र बहादुर खड्का, बाबुको नामः केदार खड्का, ठेगानाः काभ्रेपलाञ्चोक जिल्ला, चलाल गणेशस्थान गा.वि.स. वडा नं. ६ परिवर्तित काभ्रेपलाञ्चोक जिल्ला, बेथानचोक गा.पा., वडा नं. ४ ।

**माथि उल्लेखित दुईनै ऋणीहरुको लागि धितो लेखिदिएको सम्पत्तिको विवरणः**
रण बहादुर थापाको छोरी, चक्र बहादुर खड्काको बुहारी, केदार खड्काको पत्नी, काभ्रेपलाञ्चोक जिल्ला, बेथानचोक गा.पा., वडा नं. ४ बस्ने **रसिला थापा खड्का**को नाममा मालपोत कार्यालय मनमैजु, काठमाडौंको लगतमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला, तारकेश्वर न.पा., वडा नं. १६ स्थित कि.नं. ११२ को क्षेत्रफल २३६.१७ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत ।

NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि

A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands

Member of : Global Alliance f Banking on Valu

**एनएमबि बैंक लिमिटेड**
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

# प्रभाव दैनिक

रूपशाला


## यस्तो छ 'कर्मा' ट्रेलर

चलचित्र 'कर्मा' को ट्रेलर सार्वजनिक गरिएको छ । बिहीबार एक कार्यक्रमबिच सार्वजनिक ट्रेलरमा कलाकार विपिन कार्की, उपासनासिंह ठकुरी, मुकुन भुसाल, सरिता गिरीलगायत अटाएका छन् । ट्रेलरमा एक्सनले प्राथमिकता पाएको छ । सार्वजनिक ट्रेलरमा भ्रष्ट समाजले एक निर्दोष र सिधा युवालाई कुन हदसम्म असर पुन्याउँछ भन्ने देखाएको छ । आफ्नो उद्देश्य प्राप्तिका लागि हिँडेको युवा कसरी परिबन्दमा परेर गुण्डागर्दी र प्रहरीको कष्टडीसम्म पुग्छ भन्ने ट्रेलरमा समावेश छ । चलचित्र सौरभ चौधरीले निर्देशन गरेका हुन् ।




शुक्रबार, २२ चैत २०८१ (Friday, April 04, 2025)


# नेपाली चलचित्रका लागि अविष्मरणीय वर्ष '२०८१'

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'पूर्णबहादुरको सारंगी' ले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गतको सेन्ट्रल म्यानेजमेन्ट टिकट सिस्टम (बक्सअफिस)मा रु ४६ करोड ८० लाख (ग्रस) कारोबार गऱ्यो । जसले नेपाली चलचित्रका लागि विसं २०८१ मा मात्रै नभई नेपाली चलचित्रको इतिहासमै 'रेकर्ड' दर्ज गऱ्यो । नेपालको गामीण परिवेश र सामाजिक विषयवस्तुलाई उजागर गरी सामाजिक चेतना अभिवृद्धिमा समेत महत्वपूर्ण भूमिका खेलेको चलचित्रकर्मीहरू बताउँछन् ।

यसले सुस्ताएको नेपाली चलचित्र क्षेत्रलाई उत्साहित मात्रै बनाएन, नेपाली दर्शकलाई हलसम्म ल्याउने वातावरण पनि बनायो । यसर्थमा पनि नेपाली चलचित्रका लागि २०८१ साल अविष्मरणीय बन्न पुगेको छ किनकि यस वर्ष प्रदर्शन भएको चलचित्र 'पूर्णबहादुरको सारंगी' सर्वकालीन सफल चलचित्र बनेको छ । यसका साथै चलचित्र 'डिग्री माइला', 'बोक्सीको घर', 'छक्का पञ्जा ५', '१२ गाउँ', 'होस्टेल ३' र 'अञ्जिला' ले राम्रो व्यापार गरेका छन् । प्रदर्शन हुन बाँकी रहेका तीन चलचित्र 'वसन्त', 'पिताम्बर' र 'कर्मा' ले पनि राम्रो व्यापार गर्ने अनुमान गरिएको छ ।

अभिनेता प्रदीप खड्काले नेपाली चलचित्रका लागि यो वर्षको सुरुआत राम्रो भए झैँ अन्त्य पनि सुखद हुने विश्वास व्यक्त गरे । उनले भने, 'यो वर्ष भिन्न भिन्न विषयका चलचित्र प्रदर्शन भए, वर्षको सुरुआत निकै राम्रो रह्यो । इतिहास रच्ने चलचित्रदेखि नयाँ अनुहारलाई पनि दर्शकले विश्वास गरेको पाइयो । यस वर्षको अन्त्य पनि सुखद हुने विश्वास लिएको छु ।'

यो वर्ष विशेषगरी नाम चलेका कलाकारभन्दा पनि विषयवस्तुमा आधारित चलचित्रमा दर्शक आकर्षित भएका छन् । चलचित्रमा विषयवस्तु वा कथा आकर्षणको केन्द्र हुनु सुखद रहेको निर्देशक मिलन चाम्सले बताए । 'चलचित्रको कथामा दर्शक आकर्षित हुनु चलचित्रकर्मीका लागि सुखद विषय हो किनकि कलाकारमा केन्द्रीत हुँदा त्यहाँ रचनात्मक पक्ष कमजोर हुनसक्छ । यसले नयाँ चलचित्रकर्मीलाई पनि प्रेरणा दिन्छ', निर्देशक चाम्सले भने ।

उनले निर्देशन गरेको प्रदर्शनरत चलचित्र 'अञ्जिला' मा दर्शकको आकर्षण राम्रो छ । राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान तथा गोलरक्षक अञ्जिला तुम्बापो सुब्बाको जीवनीमा आधारित चलचित्रले प्रदर्शनको २० दिनमा देशव्यापी रु छ करोड ४५ लाखको व्यापार (ग्रस) गरेको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गतको बक्सअफिसमा उल्लेख छ ।

रंगशाला

# नेपाल अफगानिस्तानसँग पराजित

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली यु-१९ राष्ट्रिय क्रिकेट टोली अफगानिस्तानको यु-१९ टोलीसँग पराजित भएको छ । माथिल्लो मुलपानी क्रिकेट मैदानमा बिहीबार भएको खेलमा नेपाल अफगानिस्तानसँग १३० रनको फराकिलो अन्तरले पराजित भएको हो । जितसँगै अफगानिस्तानले तीन खेलको शृंखलाको अभ्यास खेलमा १-० को अग्रता बनाएको छ ।

अफगानिस्तानले दिएको ३०१ रनको लक्ष्य पछ्याएको नेपाल ४६ दशमलव २ ओभरमा सबै विकेट गुमाउदै १७० रनमा समेटियो । नेपालका लागि ओपनर निरजकुमार यादवले ६१ बलमा ४ चौका र २ छक्काको सहयोगमा ५३ रनको अर्धशतकीय पारी खेले भने सन्तोष यादवले ३९ बलमा १ चौकाको सहयोगमा २४ रन बनाए । त्यस्तै अशोक धामीले २४, अभिषेक तिवारीले १७ तथा कप्तान नरेन भट्टले १३ रन जोडे ।

नेपाललाई १७० रनमा समेट्नेक्रममा अफगानिस्तानका वाहिदुल्लाह जाद्रान, जियाउल्लाह शाहीदी र मेहबुब खानले समान दुई /दुई विकेट लिए ।

# गायक मुरलीधरको नयाँ गीत सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'उडायो सपना सबै हुरीले' बोलको गीतका गायक मुरलीधरको 'छट्पटिएको त्यो दिन फेरि किन याद आयो'बोलको नयाँ गजल गीत र भिडियो सार्वजनिक भएको छ ।

गायक मुरलीधरको नयाँ गजल गीतमा सुनिल मास्केको शब्द र सङ्गीत रहेको छ । एक पङ्क्ति स्थायी भएको यो गीत सङ्गीतको क्षेत्रमा वीरलै प्रयोग हुने गरेको गीतकार मास्केले जानकारी दिए ।

प्रदीप श्रेष्ठको 'एरेन्ज' रहेको गीतलाई किशोर थापाले 'मिक्सिङ' र 'मास्टरिङ' गरेका छन् । गायक मुरलीधर र प्रिया गोलेले अभिनय गर्नुभएको भिडियोमा दीपक गिरीले छायाङ्कन गरेका छन् भने युवराज वाइबाले निर्देशन गरेका छन् ।

गजलप्रति टिप्पणी गर्दै गीतकार शंकर कोइरालाले शब्दमा नयाँ प्रयोग र एक पंक्तिको यस गीतले उडायो सपना सबै हुरीले भन्ने गजललाई पुनः स्मरण गराएको बताए । उनले रचना, गायन र संगीतका दृष्टिले यो उत्कृष्ट छ भने । गायक मुरलीधरले उत्कृष्ट शब्द संगीत तथा थोरै शब्दको गीत सुन्दर रहेको टिप्पणी गरे । यो गीत एस म्युजिकले युट्युबमा पनि राखेको छ ।


**स्वास्थ्य कार्यालय सप्तरी**
**मधेश प्रदेश, नेपाल**

**दररेट पेश गर्ने सम्बन्धी सूचना**

**प्रकाशित मितिः** २०८१/१२/२२
**ईमेलः** dpho.saptari@yahoo.com

